# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २९४ | काठमाडौं | आइतबार, १० फागुन २०८२ | Prabhab National Daily | Sunday, 22 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-





# अराजक गतिविधिले चुनावी सुरक्षामा चुनौती

- कांग्रेस, एमाले र नेकपाको झण्डा जलाउने र च्यात्ने गतिविधिमा रास्वपा कार्यकर्ता सक्रिय हुँदा सद्भाव खलबलिने डर
- रास्वपालाई मत नदिने मतदाता देशद्रोही भन्दै मतदाताको अपमान
- सुनसरीमा कांग्रेस-रास्वपा कार्यकर्ताबीच झडप

■ **जेबी योञ्जन**

**काठमाडौं–** 'आफूलाई नयाँ' र 'देश बदल्ने' भन्दै प्रतिनिधिसभा निर्वाचनमा होमिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता, कार्यकर्तादेखि समर्थकसम्म उत्तेजक शैलीमा प्रस्तुत हुँदा निर्वाचन सुरक्षामा गम्भीर चुनौती थपिएको छ। पछिल्ला केही दिनयता शृंखलाबद्धरूपमा देशको ठाउँठाउँमा नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)को झण्डा रास्वपाका कार्यकर्ता र समर्थकहरूले जलाएपछि सद्भाव खलबलिने जोखिम बढेको हो।

नेकपा माओवादीका चुनाव प्रचारमा खटिएका कार्यकर्तामाथि कुटपिट भएको छ। केही ठाउँमा कांग्रेसका कार्यकर्तासँग रास्वपाका कार्यकर्ता झडपमा उत्रिएका छन्। उनीहरू पूर्वराजा वीरेन्द्रको सालिकमा टेक्ने, अपमान गर्नेदेखि अराजक गतिविधि प्रदर्शन गरिरहेका छन्। यस्तो अराजक गतिविधि बढेपछि कांग्रेस, एमालेदेखि नेकपासम्मका युवा संगठनहरूले प्रतिरोध गर्नेसम्मका चेतावनी दिएका छन्। प्रतिरोधको चेतावनीले निर्वाचन सुरक्षामा गम्भीर चुनौती थपिएको छ।

यसबीच शनिबार गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा केन्द्रीय सुरक्षा समितिको बैठक बसेको छ। सुरक्षा निकायका प्रमुखहरू सम्मिलित बैठकमा मधेसको रौतहट घटना र निर्वाचनको क्रममा देखिएका अराजक र उदण्ड क्रियाकलापले निर्वाचन सुरक्षामा बढाएको चुनौतीसँगै त्यसलाई नियन्त्रणमा लिनेबारे छलफल भएको छ। गृह प्रवक्ता आनन्द काफ्लेले प्रभावसँग भने, 'निर्वाचन सुरक्षा, देखिएका केही चुनौती र समाधान गर्नेबारे छलफल भयो।'

निर्वाचन हुन दुई साता पनि छैन। तर, रास्वपा नेता कार्यकर्ताहरूले 'चुपचाप घण्टी छाप'भन्दै मतदातामाथि प्रश्न नगरी मतदानका लागि मनोवैज्ञानिक दबाब बढाइरहेका छन्। निर्वाचन आचारसंहिताको धज्जी उढाउने यस्ता गतिविधिले भयरहित र शान्तिपूर्ण निर्वाचन हुनेमा शंका उब्जाएको छ।

शनिबार सुनसरी-४ मा कांग्रेस र रास्वपाका कार्यकर्ताबीच झडप हुँदा प्रहरीले लाठीचार्ज गर्नुपर्ने स्थिति आयो। सुनसरी क्षेत्र नम्बर-४ भोक्राहा नरसिंह गाउँपालिका-४ मा कांग्रेसको चुनावी कार्यक्रममा कांग्रेस र रास्वपाका कार्यकर्ताबीच झडप हुँदा प्रहरीले लाठीचार्ज गरेको हो। कांग्रेस उम्मेदवार ज्ञानेन्द्र कार्की चुनावीसभालाई सम्बोधन गर्न जाने क्रममा बाटोमै रास्वपाका केही युवासँग भेट भएपछि विवाद सुरु भएको थियो।

क्रमशः पृष्ठ २ मा

## धार्मिक सहिष्णुता कायम गर्न गृहको आग्रह

रौतहटमा शुक्रबार र शनिबार हिन्दू-मुस्लिम समुदायबीच उत्पन्न तनावलाई लिएर सरकारले सबै धर्म र समुदायबीच सहिष्णुता, सद्भाव र पारस्परिक सम्मान कायम राख्न आग्रह गरेको छ। मस्जिदमा नमाज पढिरहेका बेला हिन्दू समुदायका केही मानिसहरूले बाजागाजा बजाएको भन्दै उत्पन्न विवादबीच ढुंगा हानाहानदेखि आगजनीसम्मको स्थिति निम्तिएको थियो। शुक्रबार स्थिति नियन्त्रणमा लिन हवाइ फायर गर्नुपरेकोमा शनिबार भने कफर्च्यू आदेश नै जारी गरेर नेपाली सेनालाई सडकमा उतारिएको थियो।

निर्वाचनको मुखमा सुरक्षामै गम्भीर चुनौती थपिने स्थितिपछि शनिबार नै गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बसेको बैठकले धार्मिक सहिष्णुता र सद्भाव कायम राख्न सबै समुदायलाई आग्रह गरेको हो।

गृह मन्त्रालयकी सहप्रवक्ता उपसचिव रमा आचार्य सुवेदीद्वारा जारी विज्ञप्तिमा विभिन्न धर्म, जातजाति, वर्ग वा समुदायबीच द्वेष फैलाउने तथा हिंसात्मक गतिविधि दुरुत्साहित गर्ने कार्य कानुनअनुसार दण्डनीय रहेको उल्लेख छ। घटनालाई उक्साएको आरोपमा जनमत पार्टीका रौतहट अध्यक्षलाई नै प्रहरीले पक्राउ गरेर अनुसन्धान थालेको छ।

**दलको घोषणापत्रमा शिक्षा**

# दोहोऱ्याउँदै निःशुल्क शिक्षाको वाचा

■ **प्रकाश सिलवाल**

**काठमाडौं–** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अधिकांश दलहरूले विगतमाझैं सार्वजनिक शिक्षाको सुधार र शिक्षामा लगानी वृद्धिलगायतका विषयलाई मुद्दा अघि सारेका छन्।


विघटित प्रतिनिधिसभामा रहेका प्रमुख दल र अन्य दलले गुणस्तरीय, निःशुक तथा समावेशी शिक्षामा प्राथमिकता दिएका छन्। नेपालको संविधानको धारा ३१ मा उल्लिखित 'प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक'लाई ती दलले घोषणापत्रमा समेटेका छन्। तर विगतमा पनि यस्ता प्रतिबद्धता आउने गरेकामा किन पूरा भएनन् र अब कसरी पूरा गर्ने भन्नेमा दलहरू स्पष्ट देखिएका छैनन्।

सरकारी तथ्यांकअनुसार पाँचदेखि १७ वर्ष उमेर समूहका १० प्रतिशत (करिब आठ लाख) बालबालिका अझै विद्यालयको पहुँचभन्दा बाहिर छन्। तीमध्ये साढे तीन लाख बालबालिका विद्यालय भर्नामा आएका छैनन्। बाँकीले बीचमै कक्षा छाड्ने गरेका छन्। 'अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५' ले २०८५ को वैशाखसम्म कक्षा ८ पूरा नगरेको व्यक्तिलाई सरकारी नियुक्ति, सुविधालगायतबाट वञ्चित गर्ने व्यवस्था गरेको अवस्थामा दलहरूले मतदातासँग निःशुल्क शिक्षा दिने वाचा दोहोऱ्याएका छन्।

> "समय सुहाउँदो विश्वस्तरीय प्राविधिक शिक्षाका लागि लगानी बढाउने, विगतको सहमतिका आधारमा विद्यालय शिक्षा ऐन पारित गर्ने र शिक्षक पेसालाई आकर्षित र सम्मानित बनाउने हाम्रा मुद्दामा मूर्तरूपमा प्रतिबद्धता आएको छैन।
>
> ■ **लक्ष्मीकिशोर सुवेदी**
> अध्यक्ष, नेपाल शिक्षक महासंघ

यसपटकको निर्वाचनका लागि नेपाली कांग्रेसले सार्वजनिक गरेको प्रतिज्ञापत्रमा प्रतिनिधिसभाको अबको एक वर्षभित्र नयाँ विद्यालय शिक्षा ऐन पारित गर्ने उल्लेख गरेको छ। शिक्षक संघ, संगठन, निजी विद्यालय र राजनीति दलबीचको खिचातानी र पर्याप्त स्रोतका कारण विघटित संसद्मा विद्यालय शिक्षा लामो समयदेखि विचाराधीन रहेको थियो। कांग्रेसले विद्यालय शिक्षा (गुणस्तर तथा नियमन) ऐन सरोकारवालाहरूको परामर्शमा, कुनै पनि स्वार्थ समूहको दबाबमुक्त भई सबै जायज र उपयुक्त विषयलाई समेटेर विद्यार्थीको सिकाइ र गुणस्तरलाई केन्द्रमा राखी एक वर्षभित्र नयाँ शिक्षा ऐन पारित गर्ने वाचा गरेको छ।

क्रमशः पृष्ठ २ मा



**सन्दर्भः वैदेशिक रोजगार**

# श्रमिकको स्वास्थ्य परीक्षण गर्ने संस्थामा बेथितिको चाङ

## अनुगमन भएजति सबै समस्याग्रस्त

■ **ममता थापा**



**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्ने संस्थाहरू समस्याग्रस्त देखिएका छन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अनुगमन गरेजति सबैजसो संस्थामा कुनै न कुनै किसिमको बेथिति रहेको पाइएको हो।

मन्त्रालयले गत माघ २५ गतेदेखि स्वास्थ्य संस्थाहरूको अनुगमन सुरु गरेको थियो। श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले वैदेशिक रोजगारीका विकृतिको अन्त्य गर्ने भन्दै गठन गरेको 'स्पेसल टास्क फोर्स'सहित १६ जनाको अनुगमन टोलीलाई मन्त्रालयका सहसचिव लवराज जोशी र उपेन्द्र पौडेलले नेतृत्व गरिरहेका छन्। अनुगमन गरिएका सबैजसो संस्थामा कुनै न कुनै अनियमितता भेटिएको सहसचिव जोशीले बताए।

'उजुरी नै परेर अनुगमन भएकाले प्रायः सबै नै कारबाही गर्ने किसिमको देखिएको छ। कतिसम्म कारबाही गर्ने भन्नेचाहिँ मात्रामा भरपर्ने भयो। अहिलेसम्मका सबै संस्था कुनै न कुनै रूपमा दोषी देखिन्छन्,' उनले भने, 'पटक-पटक परीक्षण गराएको, परीक्षणको बढी रकम लिएको, मागपत्र नआई र अन्तर्वार्ता पनि नभई मेडिकल गर्न पठाएकोलगायत समस्याहरू पाइएको छ।'

मेडिकल व्यवसायीहरूले राज्यलाई कर छली गरेकोसमेत भेटिएको जोशीले बताए। उनका अनुसार लेखापरीक्षण प्रतिवेदनमा स्वास्थ्यपरीक्षण गरेको संख्याभन्दा थोरै संख्या देखाउने तथा एउटै व्यक्तिलाई पटक-पटक परीक्षण गर्न पठाए पनि बिल भर्पाइ एकपटकको मात्र दिने गरेको भेटिएको हो। मन्त्रालयको टोलीले पहिलो चरणको प्रतिवेदन श्रममन्त्री भण्डारीलाई केही दिनअघि बुझाइसकेको छ। जसमा स्वास्थ्य संस्थाले आवश्यक परीक्षण नै नगरी फिट भएको रिपोर्ट दिने गरेको, आवश्यक जनशक्तिविनै संस्था सञ्चालन गरेको, गुनासो सुन्ने संयन्त्र नराखेकोजस्ता समस्या भेटिएको दाबी गरिएको छ।

हाल रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने २०० भन्दा धेरै संस्था छन्।

> उजुरी नै परेर अनुगमन भएकाले प्रायः सबै नै कारबाही गर्ने किसिमको देखिएको छ। अहिलेसम्मका सबै संस्था कुनै न कुनै रूपमा दोषी देखिन्छन्। पटक-पटक परीक्षण गराएको, परीक्षणको बढी रकम लिएको, मागपत्र नआई र अन्तर्वार्ता पनि नभई मेडिकल गर्न पठाएकोलगायत समस्याहरु पाइएको छ।
>
> ■ **लवराज जोशी**
> सहसचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## अराजक...

सामान्य भनाभन चर्किंदै हात हालाहालसम्म पुगेपछि अवस्था तनावपूर्ण बनेको थियो ।

निर्वाचन सुरक्षामा खटिएको प्रहरीले दुवै पक्षलाई नियन्त्रणमा लिन र भीड तितरबितर गर्न लाठीचार्ज गरेको सुनसरी प्रहरी प्रमुख केशवकुमार थेबेले बताए । उनका अनुसार झडपमा संलग्न कार्यकर्ताहरू एउटै क्षेत्रका छिमेकी भए पनि फरक-फरक राजनीतिक दलमा आबद्ध भएकाले विवाद उत्पन्न भएको थियो । एक जना प्रहरी अधिकारीका अनुसार रास्वपा कार्यकर्ताहरूलाई कांग्रेस कार्यकर्ताहरूलाई 'मासुभाते' भनेर अपमान गरेका थिए । त्यसपछि स्थिति तनावपूर्ण बनेको थियो ।

देशका विभिन्न स्थानमा रास्वपाका कार्यकर्ताले अराजक शैलीमा अन्य दलका उम्मेदवारदेखि मतदातासम्मलाई थर्काउने गरेको गुनासो आइरहेको छ। यस्तो गतिविधिको एमाले अध्यक्ष केपी शर्मा ओलीले कडा शब्दमा विरोध गर्दै रास्वपाको पराजित मानसिकता प्रकट भएको रूपमा आलोचना गरे । शनिबार झापाबाट उनले भने, 'मलाई के लाग्छ भने, रास्वपाले चुनाव जितिन्नँ भन्ने निष्कर्ष निकालेको जस्तो लाग्छ । त्यसकारण उसले कतै झण्डा जलाउने, अत्यन्तै अभद्र, अमर्यादित, अशोभनीय खालका व्यवहार देखाउने, तनाव बढाउन खोज्ने, त्यस प्रकारको कुराहरू देखिन थालेको छ ।'

उनले चुनाव भाँड्ने स्थितिमा रास्वपा पुगेको आरोप लगाए । 'उनीहरू आफ्नो पक्षमा नतिजा आउँछ भने चुनाव लड्ने, पक्षमा नतिजा आउँदैन भने चुनाव लड्न नदिने, खालको प्रवृत्तिमा देखिन्छ,' ओलीले भने । रास्वपा सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र (बालेन) शाहले विभिन्न जिल्लाका मञ्चबाट उत्तेजक भाषणसहित स्टन्टबाजी बढाउँदै लगेपछि कार्यकर्तामा पनि उदण्डता देखिएको हो । रविले ठाउँ-ठाउँका सभामा विपक्षी दलहरूलाई सिध्याउनै पर्ने बताइरहेका छन् । उनले सुर्खेत र धनगढीको भाषणमा प्रतिपक्षीसमेत नरहनेगरी अन्य दललाई बढार्नुपर्ने उत्तेजक भाषण दिए । उनले यस्तो उत्तेजक भाषण ठाउँठाउँमा दिँदै हिँडेका छन् ।

उनले बिहीबार सुर्खेतमा पनि अरू सबै दललाई सिध्याउनुपर्ने बताएका थिए । उनी र बालेन्द्रका उत्तेजक भाषणकै फलस्वरूप अहिले रास्वपा कार्यकर्ताहरू असहिष्णु र उग्र शैलीमा प्रस्तु भइरहेका छन् । सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारलाई रास्वपाप्रति नरम भएको आरोप लाग्ने गरेको छ । अर्कातिर भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनमा जोडिएका कयौं युवा अहिले रास्वपामा छन् । उनीहरू अब परिवर्तन भन्दै हिँडिरहेका छन् । तर उनीहरूले परिवर्तनको नारा लगाउँदै गर्दा ठाउँ-ठाउँमा अराजक गतिविधि गरेपछि अन्य दल विरोधमा उत्रिएका छन् ।

चुनाव प्रचारका लागि घण्टी नै बोकेर हिँडेका रास्वपा कार्यकर्ताहरूले बिहीबारमात्रै दाङ र अछाममा अन्य दलका कार्यक्रम बिथोल्ने प्रयास गरे । दाङमा त रविकै अगाडि रास्वपा कार्यकर्ताले एमालेको झण्डामा आगो झोसिदिए । शुक्रबार र शनिबार गरी तीन जनालाई प्रहरीले पक्राउ गरिसकेको छ । अन्यको खोजी भइरहेको प्रहरीले जनाएको छ । उता गुल्मीमा एमाले उम्मेदवार प्रदीप ज्ञवाली र उनका कार्यकर्ताहरूलाई पनि बाटो छेक्दै अवरोध प्रयास भएको छ । एमाले नेता कार्यकर्ताहरूलाई चिढ्याउनेगरी घण्टी बजाइदिने, असहिष्णु शैलीमा नाराबाजी गर्नेजस्ता गतिविधि रास्वपा कार्यकर्ताहरूले गरिरहेको ज्ञवालीले बताएका छन् ।

एमालेको चुनावी अभियानलाई तनाव दिनेगरी रास्वपा कार्यकर्ताहरूले बाटो-बाटोमा अवरोधको कोसिस गरिरहेको उनले बताएका छन् । बिहीबार एकैदिन दाङ र अछाममा रास्वपाका कार्यकर्ताहरू एमाले र नेकपाको चुनावी कार्यक्रम बिथोल्ने शैलीमा देखिएका हुन् ।

अछाम क्षेत्र नम्बर १ मा नेकपा उम्मेदवार डा. भीमबहादुर रावलको चुनावी सभामै पसेर रास्वपा कार्यकर्ताले हुलदंगाको कोसिस गरेका छन् । रामारोशन गाउँपालिका-५ चौकामा चुनावी सभा भइरहँदा बोलेरो गाडीमा आएका रास्वपा कार्यकर्ताहरूले घण्टी बजाएर आमसभा बिथोल्न खोजेको नेकपाले जनाएको छ । निर्वाचन प्रचारप्रसार कमिटीका संयोजक शेरबहादुर कुँवरका अनुसार सभा चलिरहेको स्थानमा ठूलो स्वरमा माइक बजाउँदै आएका रवि-बालेन्द्रका कार्यकर्ताले सुरूमा गाडीबाटै घण्टी बजाउँदै चिढ्याउने काम गरेका थिए । रास्वपाका कार्यकर्ताको यस हर्कतलाई निर्वाचन आचारसंहिताविपरीतको कदम भन्दै नेकपाले भर्त्सना गरेको छ । निर्वाचन कानुन र आचार संहिताबमोजिम उनीहरूमाथि कारबाही गर्न पनि नेकपाले स्थानीय प्रशासनको ध्यानाकर्षण गराएको छ ।

एक साताअघि बारामा पनि रास्वपा कार्यकर्ताले अर्को दलका मतदातालाई बलजफ्ती गरेका थिए । ती मतादाताले रास्वपालाई भोट नदिने भन्दा कानमै घण्टी ल्याएर थर्काउँदै भोट दिन दबाब दिएको भिडियो भाइरल भएको छ । उग्र र असभ्य शैलीमा प्रस्तु भएका उनीहरूले रास्वपालाई भोट दिने वाचा नगरेसम्म घण्टी बजाइरहने भन्दै मतदातालाई चिढ्याउने काम गरेका थिए ।

बिहीबारमात्रै दाङको तुलसीपुरमा रास्वपा सभापति लामिछानेको स्वागत गर्न बसेका रास्वपा कार्यकर्ताहरूले एमालेको झण्डा जलाइदिए । सडकमा घण्टीसहित बसेका उनीहरूले एमाले र पार्टी अध्यक्ष केपी शर्मा ओलीविरुद्ध असभ्य र अमर्यादित नाराबाजी गरेका थिए । यता रास्वपा सहप्रवक्ता प्रतिभा रावलले दाङको घटना पार्टीको योजना र निर्देशनअनुसार नभएको बताएकी छन् । उनले उक्त घटनामा पार्टीको संलग्नतालाई अस्वीकार गरेकी छन् ।

एमाले महासचिव पोखरेलको गृहनगरमा भएको उक्त कार्य निन्दनीय र अलोकतान्त्रिक भएको रावलले बताएकी छन् । उनले घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई तत्काल कारबाही गर्न पनि माग गरेकी छन् । उता बिहीबार नै सुनसरी क्षेत्र नम्बर ३ का उम्मेदवारसमेत रहेका रास्वपा नेता अशोक चौधरीले घण्टीमा भोट नहाल्नेहरूलाई देशद्रोही भन्दै धम्क्याएका छन् । इटहरीमा आयोजित कार्यक्रममा उनले रास्वपालाई भोट नदिनेहरू देशद्रोही भनेपछि युवाहरूले नाराबाजीसहित प्रतिकार गरे । उनीहरूले 'घण्टी मुर्दावाद' नार ासहित प्रतिकार गरेपछि चौधरीले बोल्दाबोल्दै स्थगित गरे ।

चौधरीले आपत्तिजनक कुरा बोलेपछि कार्यक्रममा सहभागी युवा र अन्य दलका प्रतिनिधिहरूले आपत्ति जनाएर हल्ला गरे । कार्यक्रममा सहभागी एक उम्मेदवार घनश्याम गुरुङले स्टेजबाटै प्रतिवाद गरे । उनले भने, 'हामी तपाईंको प्रतिस्पर्धी हौं । के हामी पनि राष्ट्रघाती हौं ? मतदातालाई यसरी गाली गर्ने अधिकार कसले दियो ?'

यस्तै, नेपाली कांग्रेसका सभापति गगनकुमार थापासँग सर्लाही-४ मा प्रतिस्पर्धामा उत्रिएका रास्वपा उम्मेदवार अमरेशकुमार सिंहले चुनाव नजिते आत्मदाह गर्छु भन्दै मतदातालाई 'ब्ल्याकमेलिङ' गरेका छन् । उनले गगन नहारे आफूले आत्महत्यासमेत गर्ने बताइरहेका छन् । यता ललितपुर क्षेत्र नम्बर २ का रास्वपा उम्मेदवार जगदीश खरेलले आफूलाई कडा प्रश्न गर्ने मतदातालाई हनुमानको संज्ञा दिए । उनलाई एक मतदाताले बारबरा फाउण्डेसनसँगको आबद्धताबारे प्रश्न गर्दा चिढिएका उनले हनुमानको संज्ञा दिएका हुन् ।

रास्वपा कार्यकर्ताको उदण्डता बर्दघाट नवलपर ासीमा पनि देखिएको छ । रास्वपाको क्षेत्रमा प्रचार गर्न आएको भन्दै त्यहाँ दुई बुधबार नेकपा माओवादीका उम्मेदवारसहित कार्यकर्तामाथि कुटपिट भएको थियो । बर्दघाट नगरपालिका-१२ जमुनिया बजारमा माओवादीले गरेको प्रचारप्रसार कार्यक्रममा रास्वपाका कार्यकर्ताको समूहले उम्मेदवारसहितका कार्यकर्तालाई कुटपिट गरेका थिए । कुटपिट गर्नेहरूलाई प्रहरीले पक्राउ गरिसकेको छ । पक्राउ पर्नेहरूमा बर्दघाट नगरपालिका-१३ का ३१ वर्षीय अजय गौतम, बर्दघाट-१३ धनेवा बस्ने २२ वर्षीय दिपिन थापा, १९ वर्षीय आयुष राना मगर र १८ वर्षीय राज बीसी भन्ने राम मिजार रहेका छन् ।

उनीहरूको कुटपिटबाट नेकपा माओवादीका उम्मेदवार राजुप्रसाद हरिजन, क्षेत्रीय प्रचारप्रसार सहसंयोजक निरज पाठक, जिल्ला सदस्य नकुल सी र बर्दघाट नगर इञ्चार्ज गणेश पाण्डे घाइते भएका थिए ।

लगातार एकपछि अर्को अराजक गतिविधि बढेपछि एमालेको युवा संगठन राष्ट्रिय युवा संघ नेपालका अध्यक्ष महराज गुरुङले प्रहरीले रास्वपा कार्यकर्ताहरूको अराजक र उदण्ड क्रियाकलाप नियन्त्रणमा नलिने हो भने युवा संघले लिने चेतावनी दिएका छन् । उनले युवा संघ जस्तोसुकै मूल्य चुकाउन तयार रहेको भन्दै प्रतिवाद गर्ने बताए । अराजक र सहकारी ठगहरूको ग्याङको रूपमा रास्वपा र तिनका नेता कार्यकर्तादेखि समर्थकहरूलाई चित्रण गर्दै उनले युवा संघ ज्युँदाहरूको संगठन भएको बताए । कांग्रेस, नेकपा र राप्रपासम्मका युवा संगठनहरूले पनि रास्वपाका अराजक गतिविधिप्रति प्रतिवाद गर्ने चेतावनी दिएका छन् ।

■■■

## दोहोऱ्याउँदै...

सो पार्टीले बालिका शिक्षालाई प्राथमिकता दिने र शिक्षण पेसालाई सम्मानजनक बनाउने भनेको छ । यस्तै, शिक्षामा कूल बजेटको २० प्रतिशत राज्यको लगानी सुनिश्चित, नमूना विद्यालयको विस्तार, पाठ्यक्रम परिमार्जन, पठन संस्कृतिको विकास, समावेशी र न्यायपूर्ण शिक्षाको पहुँच, मातृभाषा शिक्षा, प्रविधिमैत्री, प्राविधिक तथा व्यावसायिक शिक्षा, राष्ट्रिय आजीवन सिकाइका विषयलाई सो पार्टीले प्रतिज्ञापत्रमा समावेश गरेको छ ।

कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टीले विश्वविद्यालयमा प्रधानमन्त्री, मन्त्री कुलपति र सहकुलपतिको व्यवस्था हटाउने भनेको भने छ भने नेकपा एमालेले प्राज्ञिक स्वायत्तता हुनुपर्नेमा जोड दिएको छ । एमालेले प्राविधिक उच्च शिक्षाका लागि विद्यार्थीलाई २० लाख निर्ब्याजी ऋण, पारिश्रमिकसहित इन्टर्नसिपको व्यवस्था, शिक्षा र अनुभवको ग्यारेन्टीजस्ता विषयलाई घोषणापत्रमा राखेको छ । सरकारी सेवा, निजी क्षेत्र र अध्यापन क्षेत्रमा न्यूनतम पारिश्रमिकसहितको व्यवस्था गर्नै पनि एमालेको संकल्प रहेको छ । सो पार्टीले सबै विद्यालयका किशोरीलाई निःशुल्क प्याड र कक्षा १० सम्मका विद्यार्थीलाई दिवा खाजाको प्रबन्ध गर्ने वाचा गरेको छ ।

यसैगरी शिक्षा प्रणालीलाई भर्ना र परीक्षाकेन्द्रित मात्र नराखी राष्ट्रप्रेम, उद्यमशीलता, सामाजिक उत्तरदायित्व, नवप्रवर्तनशील सोच र राष्ट्रिय क्षमता अभिवृद्धिमा योगदान गर्नसक्ने जनशक्ति निर्माणतर्फ उन्मुख गराउने एमालेले योजना अघि सारेको छ । उसले उच्च शिक्षामा अनुसन्धान तथा विकासमा राज्यको लगानी बढाई विश्वविद्यालय-उद्योग सहकार्य विस्तार गर्ने, उच्च योग्यताका उत्कृष्ट जनशक्तिलाई शिक्षण पेसामा आकर्षित गर्ने नीति ल्याउने कुरा घोषणापत्रमा राखेको छ ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले संसद्को पहिलो बैठकबाटै संकल्प प्रस्तावका माध्यमबाट विद्यालय शिक्षा ऐन पारित गर्ने विषयलाई महत्त्व दिएको छ । सो पार्टीले विश्वविद्यालय अनुदान आयोग र चिकित्सा शिक्षा आयोगलाई एकीकृत गरी पूर्ण स्वायत्त र राजनीतिक हस्तक्षेपमुक्त गरी उच्च शिक्षा आयोग गठन गर्ने घोषणा गरेको छ । 'एक पालिका, एक नमूना स्मार्ट आवासीय विद्यालय', प्राविधिमैत्री शिक्षा र डिजिटल साक्षरताका विषयलाई सो पार्टीले प्राथमिकता दिएको छ । माध्यमिक तहसम्मको पाठ्यक्रम तथा जनशक्ति व्यवस्थापन संघीय सरकारअन्तर्गत रहने र विद्यालयको भौतिक पूर्वाधार तथा सञ्चालन स्थानीय सरकारले गर्ने व्यवस्था मिलाइने सो पार्टीको प्राथमिकता रहेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले विश्वविद्यालयका कुलपति र सहकुलपतिमा प्रधानमन्त्री र शिक्षामन्त्रीको व्यवस्था हटाउने तथा शिक्षक, प्राध्यापकको राजनीतिक आबद्धतालाई पूर्णतः निषेध गर्ने भनेको छ । विश्वविद्यालयलाई पुनर्संरचना गरी अनुसन्धानमुखी र रोजगारउन्मुख बनाउने नीति लिएको रास्वपाले नेपालमा विदेशी विश्वविद्यालयको आंगिक क्याम्पस र विदेशी डिग्री कार्यक्रम सञ्चालन गर्न सरल प्रक्रिया बनाउने घोषणा गरेको छ ।

विश्वविद्यालय र विद्यालयमा दलीय राजनीतिक गतिविधिको अखडा हुनबाट मुक्त गर्ने, सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र पेसागत विकास र स्पष्ट जवाफदेहीतामा आधारित प्रणाली लागू गर्ने, उच्च शिक्षालाई प्रतिस्पर्धी, अनुसन्धानमुखी तथा रोजगार उन्मुख बनाउन विश्वविद्यालयको पुनःसंरचना गर्ने, नेपाललाई अन्तरराष्ट्रिय शिक्षाको केन्द्र बनाउने रास्वपाको प्रतिबद्धता रहेको छ ।

यस्तै, राष्ट्रिय जनमोर्चाले संघीयतामा खर्च भइरहेको अनावश्यक रकममा कटौती गरी शिक्षा निःशुल्क गरिनुपर्ने उल्लेख गरेको छ । स्वास्थ्यजस्तै राज्यले प्रदान गर्ने शिक्षा जीवनोपयोगी र रोजगारमूलक तथा शिक्षाको निजीकरण र व्यापारीकरण बन्द गरिनुपर्ने भनेको छ । नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले आफूहरूले जुन ढंगले शिक्षामा मुद्दा आओस् भनेका थियौं, त्यसरूपमा आएको नआएको प्रतिक्रिया दिए । 'समय सुहाउँदो विश्वस्तरीय प्राविधिक शिक्षाका लागि लगानी बढाउने, विगतको सहमतिका आधारमा विद्यालय शिक्षा ऐन पारित गर्ने र शिक्षक पेसालाई आकर्षित र सम्मानित बनाउने हाम्रा मुद्दामा मूर्तरूपमा प्रतिबद्धता आएको छैन,' अध्यक्ष सुवेदीले भने ।

सार्वजनिक शिक्षाको सुधारका लागि नागरिक क्षेत्रबाट कार्यरत संस्था शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई)नेपालका अध्यक्ष लवराज ओली शिक्षामा कुल बजेटको २० प्रतिशत लगानी गर्ने र विद्यालय शिक्षा ऐन ल्याउने कुरा विगतदेखि उठ्दै आएकामा अहिले घोषणापत्रमा ल्याइनु सकारात्मक भएको बताए । अध्यक्ष ओलीले अहिलेको आवश्कता सीपमूलक शिक्षा र शिक्षक व्यवस्थापन हो भन्दै विद्यालय सञ्चालनमा संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रजस्ता विषयमा अझै स्पष्टता आउनुपर्नेमा जोड दिए । रासस

■■■

## श्रमिकको...

तर मलेसिया जाने कामदारको स्वास्थ्य परीक्षणमा ३६ वटा संस्थाको 'सिण्डिकेट' भएकोले ती संस्थामा बढी बेथिति देखिएकोसमेत प्रतिवेदनले उजागर गरेको छ । साथै, अर्बौं रकम बैंक खातामार्फत मलेसिया पठाएको पनि भेटिएको छ । बायोमेट्रिक प्रणाली प्रयोग गरेबापत ३६ वटा स्वास्थ्य संस्थाले मलेसियाको 'बेस्टिनेट एसडिएन बर्हाड'लाई म्याक्रो टेक प्रालिले तिर्नुपर्ने शुल्क भुक्तानी गर्न सन् २०२० जुन १६ मा मलेसियाली दूतावासले नेपाल राष्ट्र बैंक बालुवाटारमा पत्राचार गरेको थियो । ३६ वटा संस्थाले अनुमतिविना म्याक्रो टेकको भ्याट बिल काटी तीन हजार १६४ रूपैयाँ उठाई म्याक्रोको सन्राइज बैंकको खातामा रकम जम्मा गर्ने गरेको र बैंक खातामार्फत मलेसिया ट्रान्स्फर गर्ने गरेको पाइएको उल्लेख गरिएको छ ।

उक्त रिपोर्टमा कुनै पनि परीक्षण नै नगरीकन रिपोर्ट दिनेदेखि खारेज भइसकेको शुल्क नौ हजार ५०० रूपैयाँ नै लिएको पनि पाइएको उल्लेख गरिएको छ । वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२ बमोजिमको मापदण्ड पालना नगरेको अनुगमनका क्रममा भेटिएको छ ।

मन्त्रालयले उजुरीका आधारमा स्वास्थ्य संस्थाको अनुगमन गरेको जनाएको छ । यस्ता उजुरीहरू भौतिक, लिखित, सामाजिक सञ्जाल तथा स्वयं मन्त्रीलाई नै आएको पनि जनाइएको छ । साथै, कतिपय शंकास्पद संस्थाहरूमा पनि अनुगमन भइरहेको छ । समस्या देखिएका संस्थामाथि के कस्तो कारबाही हुन्छ भनेर वैदेशिक रोजगार ऐनमा स्पष्ट व्यवस्था नभएकाले त्यस्ता संस्थालाई अन्य निकायमार्फत कारबाही गरिने जोशीले बताए । 'वैदेशिक रोजगार ऐनले मेडिकल चेकअपको सम्बन्धमामात्रै भन्छ। त्योभन्दा परकोलाई सम्बन्धित अरु निकायमा पठाउनुपर्छ,' उनले भने, 'पठाउने तयारी भइरहेको छ। रिपोर्टका आधारमा मन्त्रीज्यूबाट निर्देशन आउला ।'

हाल अनुगमन टोलीले दोस्रो चरणको अनुगमनलाई निरन्तरता दिइरहेको छ । यसै हप्ताभित्र बाँकी स्वास्थ्य संस्थाको अनुगमन सकिने बताइएको छ । स्वास्थ्य संस्थाको सकिएपछि म्यानपावर कम्पनीलगायत वैदेशिक रोजगारसँग सम्बन्धित सबै क्षेत्रको अनुगमन चरणबद्धरूपमा गर्ने तयारी मन्त्रालयको छ ।


युएइमा रोजगार — कम्पनी : THE HEALTHY HOME CLEANING LLC

पूर्व स्वीकृति मिति : २०८२/११/०८ LT. No. 339271 चलानी नं. ६०२५२७२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Technician/telecommunication | 1 | 0 | 1200 | ४७,६८५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner General | 5 | 0 | 1200 | ४७,६८५ | | | | | | | |
| 3. | Cleaning Supervisor | 14 | 0 | 1900 | ७५,५०० | | | | | | | |
| 4. | Pest Control Worker | 7 | 0 | 1600 | ६३,५८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन १७ गते (1st Mar. 2026) मा हुनेछ ।
साथै यस कम्पनीको लागि AC Technician, Ductman, Gypsum Carpenter, cleaner को पनि आवश्यक परेको हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MIP MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED
Chappal Karkhana, Kathmandu, Nepal, Tel: 01-4547203/04,
Mobile: 9767982815 / 9841980236, E-mail : contact@mipjobs.com, Web: www.mipjobs.com
Govt. License No. 1694/081/082

कतारमा रोजगार — कम्पनी : ULTRA PRIME ZOYA AJHAR CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ पून विज्ञापन स्वीकृति मिति : २०८२/११/०९ LT. No.337612 चलानी नं. ६०२५१०५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Stone Mason | 3 | 0 | 1200 | ४७,९६५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Male) | 2 | 0 | 1100 | ४३,९६५ | | | | | | | |
| 3 | Driver Al Vehicles | 2 | 0 | 1400 | ५५,९५० | | | | | | | |
| 4 | Driver All Vehicles | 2 | 0 | 1400 | ५५,९५० | | | | | | | |
| 5 | Dry Cleaning | 2 | 0 | 1000 | ३९,९७० | | | | | | | |
| 6 | Foreman | 3 | 0 | 2500 | ९९,९२५ | | | | | | | |
| 7 | Labour | 7 | 0 | 1000 | ३९,९७० | | | | | | | |
| 8 | Site Supervisor | 0 | 2 | 2500 | ९९,९२५ | | | | | | | |
| 9 | Supervisor | 1 | 2 | 2500 | ९९,९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान र मितिः
Kapilbastu Municipality, Sampada HR OverseasPvt.Ltd. मा मितिः २०८२ फागुन १० गते (22th Feb. 2026) – 10:00Am
Rupandehi, Butwal Sub- Municipality, Saad OverseasPvt.Ltd. मा मितिः २०८२ फागुन १० गते (22th Feb. 2026) – 10:30Am
र Rupandehi, Butwal Sub- Municipality, Saad OverseasPvt.Ltd. मा मितिः २०८२ फागुन ११ गते (23th Feb. 2026) – 10:00Am मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAAD OVERSEAS PVT.LTD.
श्रम इजाजत नं. 1587/079/80 Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com


## आजको राशिफल



ज्यो. गुरु अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, १० फागुन, २०८२

**मेष** नयाँ नयाँ योजना बन्ने योग परेको छ। भोकालाई भोजन गराएमा पुण्यमा वृद्धि हुनेछ।

**वृष** आर्थिक गतिविधिमा ध्यान दिनुहोला महालक्ष्मीको स्मरण गर्दै गरिब कन्यालाई वस्त्र दान गरेमा लाभ मिल्नेछ।

**मिथुन** पारिवारिक सुख मिल्नेछ। वृद्ध बुढालाई भोजन गराएमा दुष्कर्म नाश भएर जानेछन्।

**कर्कट** बोलिको प्रभाव बढ्नेछ। दुखी गरिबलाई कापीकलम दिएमा सरस्वती प्रशन्न हुनेछिन्।

**सिंह** आत्मविश्वास बढ्नेछ। आफूभन्दा तलका कर्मचारीलाई सौम्य व्यवहार गरेमा कष्ट दूर हुनेछन्।

**कन्या** कार्यमा केही बाधा आउन सक्छ। गुरुजनको आशिर्वाद लिएर अघि बढेमा व्यवधान हटेर जानेछन्।

**तुला** मन प्रशन्न रहनेछ। निश्काम कर्मभावमा रहि अनवरत ईश्वरको स्मरण गरेमा क्लेशहरू हटेर जानेछन्।

**वृश्चिक** कार्यक्षेत्रमा यहाँको सम्मान हुनेछ। बाटोमा बसेका आर्तहरूलाई मीठाइ खुवाउन नभुल्नुहोला।

**धनु** धर्मकर्ममा रुचि बढ्नेछ। साधु सन्तको सेवा गरेमा पुण्यमा वृद्धि हुनेछ।

**मकर** अनावश्यक विवादबाट बच्नुहोला। दिनभरी सिताराम मन्त्रको मानसिक जप जारी राख्नुहोला।

**कुम्भ** प्रेम र मित्रताको बन्धन मजबुत हुनेछ। सडकमा भेटिने भोका जनावरलाई केही खुवाउनुहोला।

**मीन** फसेको धन फर्कन सक्छ। चराचुरुङ्गीलाई चारो दिन नभुल्नुहोला।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० फागुन, २०८२ (२२ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४४.७८ | १४५.३८ |
| युरो | १ को | १७१.४८ | १७२.१९ |
| पाउन्ड स्टिर्लङ | १ को | १९६.७२ | १९७.५४ |
| स्विस फ्रैन्क | १ को | १८८.१८ | १८८.९६ |
| अस्ट्रेलियन डलर | १ को | १०२.३४ | १०२.७६ |
| क्यानाडियन डलर | १ को | १०६.१६ | १०६.६० |
| सिङ्गापुर डलर | १ को | ११४.६९ | ११५.१७ |
| जापानी येन | १० को | ९.४६ | ९.५० |
| चिनियाँ युआन | १ को | २०.९६ | २१.०४ |
| साउदी अरब रियाल | १ को | ३८.६० | ३८.७६ |
| कतारी रियाल | १ को | ३९.६१ | ३९.७८ |
| थाई भाट | ख १ को | ४.६३ | ४.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.४२ | ३९.५८ |
| मलेसियन रिङेट | १ को | ३७.१२ | ३७.२८ |
| दक्षिण कोरियन वन | १०० को | १०.०३ | १०.०७ |
| स्विडिस क्रोनर | १ को | १६.१३ | १६.२० |
| डेनिस क्रोनर | १ को | २२.९५ | २३.०५ |
| हङकङ डलर | १ को | १८.५३ | १८.६० |
| कुवेती दिनार | १ को | ४७४.४६ | ४७६.४२ |
| बहराइन दिनार | १ को | ३८४.०६ | ३८५.६५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# खुलामञ्च व्यवस्थापनको जिम्मा वडा नम्बर २७ लाई

**काठमाडौं (प्रस)–** खुलामञ्च प्रयोग व्यवस्थापनको अधिकार काठमाडौं महानगरपालिकाको वडा नं. २७ लाई दिन प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरिएको छ। राजस्व समितिका संयोजक तथा वडा नं ३२ का अध्यक्ष नवराज पराजुलीको संयोजकत्वमा विषयगत समितिका संयोजक र राजस्व समितिका सदस्यहरूको बैठकले सो निर्णय गरेको हो।

विगतमा विभिन्न संघ संस्था तथा राजनीतिक दलका कार्यक्रम सञ्चालन गर्दा प्रशासन विभाग र महानगर प्रहरी बलको समन्वयमा व्यवस्थापन हुने गरेको थियो। हाल कार्यक्रम सञ्चालन गर्ने आयोजकले निश्चित सर्त, बन्देज तथा दायित्व पूरा गर्ने गरी संघसंस्था तथा राजनीतिक दलका कार्यक्रम सञ्चालनका लागि खुलामञ्च प्रयोग तथा व्यवस्थापन गर्ने अधिकार वडा नं. २७ लाई दिन प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरिएको हो।

खुलामञ्चमा कार्यक्रम आयोजना गर्ने आयोजकले वडा नं. २७ को धरौटी खातामा २५ हजार रूपैयाँ धरौटी राख्नुपर्ने छ। मञ्चमा बिहान ८ बजेदेखि दिउँसो २ बजेसम्म र दिउँसो २ बजेदेखि साँझ ८ बजेसम्म गरी दुई सिफ्टमा कार्यक्रम सञ्चालन गर्न सकिने छ। यसरी कार्यक्रम सञ्चालन गर्दा मञ्चको मर्मत सम्भार, विद्युत् महसुलसहित प्रतिसिफ्ट पाँच हजार रूपैयाँ शुल्क तिर्नुपर्ने जनाइएको छ।

आयोजकले कार्यक्रमस्थलमा आफ्नो पहिचान झल्किने ब्यानरबाहेक अन्य विज्ञापनजन्य सामग्री राख्न पाउने छैनन्। टिकट बिक्री गरेर सञ्चालन हुने कार्यक्रम गर्न पाइने छैन। जसले कार्यक्रम सञ्चालन गर्ने अनुमति लिएको सो समयमा तेस्रो पक्षलाई कार्यक्रम सञ्चालनको अनुमति दिन पाइने छैन। जसले जुन कार्यक्रम गर्न स्थल लिएको हो, उसैले तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्ने छ। कार्यक्रम सञ्चालन गर्दा उत्सर्जन भएको फोहोरको व्यवस्थापन गर्ने दायित्व आयोजककै हुने छ। थप अस्थायी शौचालय आवश्यक पर्ने भएमा आयोजकले घुम्ती शौचालयको व्यवस्था गर्न सक्ने छ।

खुलामञ्चको चउरमा १४ हजार ६०० वर्गमिटर क्षेत्रफलमा प्राकृतिक दुबो रोपिएको कामपाले जनाएको छ। खुलामञ्च २३ हजार ४१५ वर्गमिटरमा फैलिएको छ।

# कविता महोत्सव गरी मनाइयो अन्तर्राष्ट्रिय मातृभाषा दिवस

**काठमाडौं (प्रस)–** मातृभाषामा कविता वाचनसहित विभिन्न जातजातिका सांस्कृतिक झाँकी प्रस्तुत गरी अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाइएको छ।

नेपाल प्रज्ञा प्रतिष्ठानको आयोजनामा शनिबार भएको कार्यक्रममा ४२ भाषाका ४२ जना कवि एवं कवियत्रीको कविता छनोट गरिएको थियो। ती सबै कवितासहित केही भाषाभाषीका सांस्कृतिक झाँकी पनि प्रतिष्ठानको डबलीमा प्रस्तुत गरिएको हो। कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिष्ठानका कुलपति भूपाल राईले यस्ता महोत्सवमा थोरै वक्ता रहेका मातृभाषाको संरक्षणमा योगदान पुग्ने विश्वास गरिएको बताए।

संयुक्त राष्ट्रसंघ महासभाले सन् १९९९ मा घोषणा गरी सन् २००० देखि फेब्रुअरी २१ तारिखका दिन अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरिएको हो। नेपालमा भने विसं २०६६ देखि विशेषरूपमा अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरिएको थियो।

विश्वमा १५ दिनमा दुईवटा भाषा लोप हुने गरेको तथ्य अध्ययनबाट सार्वजनिक भएको छ। मातृभाषा लोप हुन नदिन सरोकार भएका निकायले काम गर्नुपर्नेमा जोड दिँदै शनिबार प्रतिष्ठानले मातृभाषामा कविता महोत्सवसहित विभिन्न जातजातिका सांस्कृतिक झाँकी कार्यक्रमको आयोजना गरेको हो। अन्तर्राष्ट्रिय मातृभाषा दिवसका अवसरमा शुक्रबार प्रतिष्ठानकै आयोजनामा 'मातृभाषा र मातृभाषा साहित्यसम्बन्धी विचार गोष्ठी' कार्यक्रम आयोजना गरिएको थियो।

# पर्सा प्रहरीले मतदानस्थलमा सिसी क्यामरा जडान गर्ने

**वीरगञ्ज (पर्सा)-** जिल्ला प्रहरी कार्यालय पर्साले प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षालाई थप प्रभावकारी बनाउन जिल्लाका १६७ मतदानस्थलमा सिसी क्यामरा जडान गर्ने भएको छ।

पर्सा प्रहरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हरीबहादुर बस्नेतले निर्वाचनलाई सुरक्षित, निष्पक्ष तथा व्यवस्थितरूपमा सम्पन्न गराउने उद्देश्यले मतदानस्थलमा सिसी क्यामरा जडान गरी निरन्तर निगरानी गरिने जानकारी दिएका छन्। कार्यालयले फागुन १७ गतेसम्म सबै मतदानस्थललाई सिसी क्यामरा प्रणालीसँग जोड्ने तयारी गरिएको बताइएको छ।

पर्सा प्रहरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक बस्नेतका अनुसार सिसी क्यामरा जडानपछि मतदान प्रक्रियालाई थप सुरक्षित, पारदर्शी तथा मर्यादित बनाउन सहयोग पुग्ने दाबी गरे। सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक जनशक्ति परिचालन, नियमित अनुगमन तथा सम्बन्धित निकायसँग समन्वयात्मक कार्यलाई प्राथमिकतामा राखिएको र शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गर्न सबै सरोकारवाला तथा आमनागरिकलाई सहयोगका लागि आग्रह गरिएको छ। *रासस*

# 'बहुभाषिकता सामूहिक चेतनाको प्रतीक'

**काठमाडौं (प्रस)–** आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका अध्यक्ष रेशम गुरुङले मातृभाषा संरक्षण केवल सांस्कृतिक विषयमात्र नभई शैक्षिकरूपमा पनि प्रभावकारी र दिगो उपाय भएको बताएका छन्।

अन्तर्राष्ट्रिय मातृभाषा दिवसका अवसरमा प्रतिष्ठानद्वारा शनिबार आयोजित कार्यक्रममा उनले मातृभाषा संरक्षणप्रति अघात प्रतिबद्धता र सामूहिक चेतनाको प्रतीकका रूपमा दिवसलाई ग्रहण गरिएको उल्लेख गरे। उनका अनुसार बहुभाषिक शिक्षा केवल शिक्षण पद्धतिमात्र नभई समानता, समावेशिता र सांस्कृतिक न्यायको आधार हो। बहुभाषिक शिक्षा लागू भएका देशहरूमा बालबालिकाको सिकाइ उपलब्धि, आत्मविश्वास र विद्यालयमा निरन्तरताको दर बढेको अध्ययनले देखाएको उनले बताए।

यस वर्षको नारा 'बहुभाषिक शिक्षामा युवाहरूको आवाज'ले युवालाई सहभागीमात्र नभई सहनिर्माताका रूपमा अघि बढाउनुपर्ने सन्देश दिएको उनको भनाइ थियो। 'विविधता हाम्रो कमजोरी होइन, हाम्रो शक्ति, पहिचान र गौरव हो,' उनले भने। लोपउन्मुख भाषाको संरक्षणलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्ने उनको जोड थियो।

कार्यक्रममा मातृभाषा संरक्षण, विकास र उत्थानका लागि समुदायले गरेका असल अभ्यास, उपलब्धि र नवप्रयोग सार्वजनिक गरिएको थियो। डिजिटल प्रविधि, सामाजिक सञ्जाल, साहित्य, संगीत, चलचित्र, अनुसन्धान र उद्यमशीलतामार्फत मातृभाषालाई आधुनिक युगसँग जोड्नुपर्नेमा जोड दिइएको थियो।


**Government of Madhesh Province**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**

## Infrastructure Development Office

**Gaur, Rautahat.**

## Invitation for Bids

**Invitation for Bids No: 02/082/083**
**Date of publication: 2082/11/10 (22nd Feb,2026)**

1. Infrastructure Development Office (IDO), Rautahat invites electronic bids from Nepalese eligible bidders for the construction of following listed works under National Competitive Bidding procedures. The estimated amount for the works is listed below.

| S.N. | Contract No. | Description and location of Work | Estimated Amount in NRs. (including VAT & PS) | Bid Security Amount (NRs.) | Bid Security validity Period from Last Date of Bid Submission | Price of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | IDO/RAU/ NCB/W/2082/083-08 | Rautahat Paroha 9 Thulo Kabristan Istarronati | 2935159.95 | 75000.00 | 90+30 days | 3000 | |
| 2 | IDO/RAU/ NCB/W/2082/083-09 | Rautahat Ishnath NaPa 9 Aantarik Sadak Istarronati | 3900000.06 | 97500.00 | 90+30 days | 3000 | |
| 3 | IDO/RAU/ NCB/W/2082/083-10 | Rautahat Ishnath Napa 9 ma Aantarik Sadak ma Mato puri Gravel | 4387500.00 | 110000.00 | 90+30 days | 3000 | |
| 4 | IDO/RAU/ NCB/W/2082/083-11 | Rautahat Ishnath na.pa. 9,Lautan ma Aantarik sadak Istarronati | 4387500.09 | 110000.00 | 90+30 days | 3000 | |
| 5 | IDO/RAU/ NCB/W/2082/083-12 | Rautahat Ishnath na.pa. 9,Lautan ma Mahanat sah ko ghar dekhi Nahar samma Gravel tatha Sadak dhalan | 4387500.04 | 110000.00 | 90+30 days | 3000 | |
| 6 | IDO/RAU/ NCB/W/2082/083-13 | Rautahat Ishnath na.pa. 8 ma Aantarik sadak ma mato puri Istarronati | 4387500.05 | 110000.00 | 90+30 days | 3000 | |
| 7 | IDO/RAU/ NCB/W/2082/083-14 | Katahariya Na.pa. -5, ma Cricket Ground Nirman karya | 4379855.76 | 110000.00 | 90+30 days | 3000 | |
| 8 | IDO/RAU/ NCB/W/2082/083-15 | Gadhimai Na.Pa. -6 Ma Bibaha Mandap Nirman | 3401467.33 | 85000.00 | 90+30 days | 3000 | |
| 9 | IDO/RAU/ NCB/W/2082/083-16 | Garuda Na.pa -6, Pothoyahi Ma Sushila Devi kalwar memoriol Trust Adhuro Dharamsala Bhawan Tatha Parkhal Nirman | 3899999.91 | 97500.00 | 90+30 days | 3000 | |
| 10 | IDO/RAU/ NCB/W/2082/083-17 | Garuda Na.Pa.-7, Ma.Bi. Pipariya bidhyalaya Bhawan nirman | 3404861.25 | 85000.00 | 90+30 days | 3000 | |
| 11 | IDO/RAU/ NCB/W/2082/083-18 | Garuda Na.Pa.-2 ,Ma.Bi.Gedahiguthi Bidhyalaya ko Bhawan Nirman | 3410894.16 | 85000.00 | 90+30 days | 3000 | |
| 12 | IDO/RAU/ NCB/W/2082/083-19 | Gujara Na.Pa. ward no.-5, laxmipur raheko janajagaahma marmat tatha yastar unati | 3899131.10 | 97500.00 | 90+30 days | 3000 | |
| 13 | IDO/RAU/ NCB/W/2082/083-20 | Rautahat Gaur Na Pa 5 ishthit Tulsi Smriti Bhawan Istarronati | 3897915.68 | 97500.00 | 90+30 days | 3000 | |
| 14 | IDO/RAU/ NCB/W/2082/083-21 | Barhawa Pul dekhi Hanuman Dharmasala Nahar Road hudai Gaur-Chapur jodne Sadak istarronati karya | 2914234.70 | 75000.00 | 90+30 days | 3000 | |
| 15 | IDO/RAU/ NCB/W/2082/083-22 | Rautahat Boudhimai Na Pa 9 ma Aantarik Sadak ma Mato puri Gravel | 4386944.06 | 110000.00 | 90+30 days | 3000 | |
| 16 | IDO/RAU/ NCB/W/2082/083-23 | Sasatra Base Camp dekhi SamsanGhat hudai mul sadak samma istarronati karya | 4386727.71 | 110000.00 | 90+30 days | 3000 | |
| 17 | IDO/RAU/ NCB/W/2082/083-24 | Rautahat Baudhimai na. pa . 8 ma satahimaiko mandir dekhi gandak nahar samma sadak dhalan | 4376041.56 | 110000.00 | 90+30 days | 3000 | |
| 18 | IDO/RAU/ NCB/W/2082/083-25 | Gaur Na.Pa.8 Barahwa tal Maramat sudhar | 2885682.51 | 75000.00 | 90+30 days | 3000 | |
| 19 | IDO/RAU/ NCB/W/2082/083-26 | Rautahat Baudhimai Na.Pa.2 Ma antaraik sadak mato puri Gravel | 4375700.82 | 110000.00 | 90+30 days | 3000 | |
| 20 | IDO/RAU/ NCB/W/2082/083-27 | Baudhimai Na.Pa.4 Transformer Chauk Dekhi wardno.3 matiarwa jane sadaka starunnati garne karya | 2916439.45 | 75000.00 | 90+30 days | 3000 | |
| 21 | IDO/RAU/ NCB/W/2082/083-28 | Baudhi mai Na pa.4 Inarwari chiran mill dekhi Inrwa Bajar samma jane sadak Starunnati garne karya | 2909256.66 | 75000.00 | 90+30 days | 3000 | |
| 22 | IDO/RAU/ NCB/W/2082/083-29 | Armed Police Force,Nepal no. 11 Gan Headquarter Rautahat Bipad Uddhar Samagri Bhandar Kaxa Nirman | 5849120.61 | 150000.00 | 90+30 days | 3000 | |

2. Date of Submission & Opening of Bids

| Deadline of Bid Submission | Date of Bid opening | Employer's Bank Account details for Purchasing Bid Document | Employer's Bank Account details for Bid security Cash Deposit |
|---|---|---|---|
| 2026/03/24 (2082/12/10) 12.00 Hrs. | 2026/03/24 (2082/12/10) 13.00 Hrs. | Bank Name: Rasriya Banijya Bank A/C Name : 1000100200010000 Office Code No. 3370120012 Revenue Code No. 14229 | Bank Deposit A/C No.1210100202030000 Bank Name: Rasriya Banijya Bank Office Name: Infrastructure Development Office, Gaur |

3. A complete set of Bidding Documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. For detail information eligible bidders may visit the IDO, Rautahat.Contact No.(9865408430)
4. All the rights to accept or reject the bids are reserved to IDO,Rautahat without specifying any reasons if any

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आश्वासनमा केन्द्रित दलका घोषणापत्र

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अधिकांश राजनीतिक दलले चुनावी घोषणापत्र सार्वजनिक गरिसकेका छन् । घरदैलो अभियानलाई तीव्रता दिइरहेका दलहरूले यसपटक युवा मतदातालाई केन्द्रमा राखेर घोषणापत्रमा आकर्षक कार्यक्रमहरू राखेको पाइएको छ । जेन–जी विद्रोहपछि फेरिएको मुलुकको राजनीतिक परिदृश्यलाई सम्बोधन गर्ने प्रयास दलका घोषणापत्रमा देखिन्छ । मुलुकमा रोजगारीको अवसर नपाएर विदेसिन बाध्य युवाहरूलाई आश्वास्त पार्न मुलुकमै रोजगारीको अवसरदेखि विदेशमा रहेकालाई विभिन्न सुविधाबाट लोभ्याउने होडमा नयाँ तथा पुराना दलहरू लागेका छन् । चुनावी घोषणापत्रमा वैदेशिक रोजगारीसँग सम्बन्धित कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गरेका दलहरूले यस क्षेत्रमा देखिएका विभिन्न समस्याको समाधान गर्ने वाचा गरेका छन् ।

केही वर्षअघि सरकारको नीतिमै भएको 'फ्रि–भिसा, फ्रि–टिकेट' कार्यान्वयन गर्ने विषय बोल्दा नेताहरू 'ट्रोल' बन्नुपर्ने अवस्था थियो । वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउँछौं भन्दा आलोचित हुनुपर्थ्यो । अहिले आइपुग्दा वैदेशिक रोजगारविना मुलुकको अर्थतन्त्र समस्याग्रस्त हुने यथार्थलाई राजनीतिक दलले स्वीकार गरेको देखिएको छ । हाल ४० लाखभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बताउँदै आएको छ । उनीहरूले वार्षिक १७ खर्बभन्दा बढी विप्रेषण (रेमिटयान्स) पठाउने गरेका छन् । अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको रेमिटयान्स भित्र्याउने र बेरोजगारी समस्यालाई न्यूनीकरण गर्न भूमिका खेलेको वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउँदै आन्तरिक रोजगारी सिर्जनातर्फ उन्मुख हुने संकल्प दलका घोषणापत्रमा गरिएको छ ।

नेपाली कांग्रेसको प्रतिज्ञापत्रमा विदेशमा बस्ने नेपालीको ज्ञान, सीप र योगदान मातृभूमिमा जोड्ने प्रतिबद्धता जनाएको छ । विदेशमा रहेकालाई लक्षित गर्दै 'फर्कन मन लाग्ने र सुनौलो अवसर देखिने देश' बनाउने भनिएको छ । एमालेले वैदेशिक रोजगारीमा रहेकाहरूलाई पनि 'बोनस'मार्फत आकर्षित गर्ने प्रयास गरेको छ । उसको चुनावी घोषणापत्रमा विप्रेषण पठाउने श्रमिकको बैंक खातामा वार्षिक पाँच हजार रूपैयाँ थप बोनस जम्मा गरिदिने आकर्षक कार्यक्रम ल्याएको हो । नेपाली कम्युनिस्ट पार्टीले रेमिटयान्सको सही सदुपयोग, रिटर्नीको व्यवस्थापनदेखि रोजगारीमा जाने श्रमिकमाथि हुने शोषणको अन्त्यसम्मका योजना प्रतिबद्धतापत्रमा समेटेको छ । वैदेशिक रोजगारीमा जाने नागरिकहरूको हित संरक्षण गर्न वैदेशिक रोजगार कम्पनीहरूलाई पारदर्शी, नियमसंगत र पूर्ण जवाफदेही बनाउने उद्घोष रास्वपाले गरेको छ । रोजगारीमा पठाउँदा ठगी, अत्यधिक शुल्क अशुली र झूटा करार गर्ने प्रवृत्तिमाथि कडा कारबाही गर्ने भनिएको छ ।

दलहरूका यी प्रतिबद्धता खासै नयाँ होइनन् । मुलुकमै रोजगारी वा अन्य पेसा व्यवसाय गरेर यहीं अडिने वातावरण मुख्य आवश्यकता हो । तर, राजनीतिक अस्थिरताका कारण नै यस्तो वातावरण बन्न सकिरहेको छैन । अब दलहरूको ध्यान यस्ता वाचा पूरा गर्नका लागि राजनीतिक स्थिरतातर्फ मुलुकलाई अगाडि बढाउनेमा ध्यान जाओस् । यसका लागि यसपटक मतदाता पनि सचेत भएर मतदान गर्न जरुरी छ ।

## श्रम सरोकार


### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

# 'आगामी निर्वाचनमार्फत देश र लोकतन्त्रले जित्नुपर्छ'



**नीलकण्ठ उप्रेती**, पूर्वप्रमुख निर्वाचन आयुक्त

लोकतन्त्रको स्थायित्व र सुशासनका लागि हुन गइरहेको निर्वाचनको महायज्ञलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउने वातावरण बनाउन सबै राजनीतिक दल र उम्मेदवारलाई अपिल गर्छन्, पूर्वप्रमुख निर्वाचन आयुक्त **नीलकण्ठ उप्रेती** । राजनीतिक दल र उम्मेदवारबाट हुने शान्तिपूर्ण चुनावी प्रचारप्रसार र चुनावमा मतदाताको उत्साहपूर्ण सहभागितालेमात्र लोकतन्त्र फस्टाउने र मुलुकले समृद्धि हासिल गर्ने उनी बताउँछन् । उनका अनुसार राजनीतिलाई स्थिरता दिन नसके पनि निर्वाचन गराउने सिलसिलामा हामी अनुभवी छौं । विगतका चुनौतीपूर्ण अवस्थामा पनि मतदाताको उत्साहपूर्ण सहभागितामा शान्तिपूर्णरूपमा थुप्रै निर्वाचन गरिसकेको उनी सुनाउँछन् । उनकै नेतृत्वमा निर्वाचन आयोगले विसं २०७० मा संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गरेको थियो । सोही संविधानसभाले नेपालको संविधान जारी गरेको थियो । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका विषयमा केन्द्रित रही राष्ट्रिय समाचार समिति *(रासस)*का समाचारदाता **नारायण न्यौपाने**ले पूर्वप्रमुख निर्वाचन आयुक्त उप्रेतीसँग गरेको कुराकानीः

**मुलुक निर्वाचनको सम्मुखमा छ, यो निर्वाचनलाई कसरी हेर्नुभएको छ ?**

आवधिक निर्वाचन प्रत्येक पाँच वर्षमा हुन्छ । त्यो कुन दिन, कुन मिति, कुन महिनामा हुन्छ भन्ने विषय पनि मतदातालाई पहिल्यै थाहा हुनुपर्छ । लोकतन्त्र र राजनीतिक स्थायित्व भएका देशमा यस्तो खालको व्यवस्था छ । प्रजातन्त्रको स्थायित्वका लागि आवधिक अवधि नपुगी बीचैमा निर्वाचन गराउनुपर्ने अवस्था सकेसम्म आउन दिनुहुन्न । नेपालमा जुन अवस्थाका कारण निर्वाचन घोषणा भयो, त्यो वातावरण नआएको भए विसं २०८४ मा नियमित निर्वाचन हुन्थ्यो । योबीचमा सरकारले राम्रो काम गर्न सकेन, फलस्वरूप जेन-जी आन्दोलनको बलमा बीचमै निर्वाचन गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भयो । यद्यपि, जेन-जी आन्दोलनमा निर्वाचनको माग उठेको थिएन । तत्कालीन सरकारको बहिर्गमनका सन्दर्भमा लोकतान्त्रिक प्रक्रियामा जानका लागि मध्यावधि निर्वाचन आवश्यक र अनिवार्य हुन पुग्यो ।

आजसम्म आइपुग्दा निर्वाचन तयारी अन्तिम चरणमा पुगेको छ । प्रजातन्त्रमा निर्वाचनको विकल्प र अर्को उपायको खोजी गर्न नपरोस् भन्ने सोचिन्छ । हामी लोकतान्त्रिक अभ्यासमा निकै अगाडि आइसक्यौं । निर्वाचन गर्न र गराउने सिलसिलामा हामी अनुभवी छौं । मतदाताको उत्साहपूर्ण सहभागितामा थुप्रै निर्वाचन गरिसकेका छौं । तथापि, राजनीतिले स्थायित्व र सरकार स्थिर नहुँदा दुःख लाग्छ । यस पाटोमा सुधार गर्दै लैजानुपर्ने छ । जहाँसम्म यही फागुन २१ को निर्वाचनको विषय छ, यो त आइनै सक्यो । अब यसलाई शान्तिपूर्ण वातावरणमा अवतरण गराउनुपर्छ ।

निर्वाचनलाई शान्तिपूर्ण बनाउने र विधिपूर्वक सम्पन्न गराउन मतदाताले मन परेको असल व्यक्ति र दललाई मत दिनुपर्छ । निर्वाचन परिणामका आधारमा गठन हुने सरकारले जनभावनाअनुरूप विकास र सुशासन प्रदान गर्न सक्नुपर्छ । त्यसका लागि प्रत्येक मतदाताको पनि उत्तिकै दायित्व छ । निर्वाचनमा राजनीतिक दल र उम्मेदवार विजयी तुल्याउन दर्शन र सिद्धान्तभन्दा ठूलो भूमिका मतदाताको रहन्छ, किनभने मतदाताको मतविना निर्वाचनको अर्थ हुँदैन । मतदान शुद्ध हुनुपर्छ, मतमा स्वस्तिक चिह्न लगाउँदा यताउति हुनुभएन । विगतदेखिकै प्रायः सबै निर्वाचनमा नेपाली मतदाताको उत्साहपूर्वक सहभागिता हुने गरेको छ । यसपटक पनि त्यही खालको वातावरण तयार गर्नुपर्छ । निर्वाचन आयोग, सरकार, राजनीतिक दल, उम्मेदवार र मतदाता सबै मिलेर निर्वाचनको महायज्ञको जिम्मेवारी र दायित्वलाई हामीले पूरा गर्नुपर्छ ।

**निर्वाचनमा के कस्ता कुरालाई बढी चासोका साथ हेरिने गरिएको छ ?**

निर्वाचनमा राजनीतिक दल र उम्मेदवारको प्रतिनिधित्वको विषयलाई नै बढी चासो राखिन्छ । त्यो भनेको जसले चुनाव जित्ने हो, उसैलाई चासो दिइन्छ । निर्वाचनमा उठेका सबै उम्मेदवारले जित्न कोसिस गरे पनि त्यसको परीक्षा र मूल्यांकन मतदाताले गर्छन् । सुदूरपूर्व र पश्चिमका मतदाताले आपसमा सरसल्लाह नगरे पनि सामूहिक विद्वताबाट एउटा दर्शन बोकेको राजनीतिक दल र उम्मेदवार विजयी हुनसक्दछ ।

चुनावमा सबै उम्मेदवारलाई जित्ने निर्वाचन गर्न सकिन्न । जति निर्वाचन क्षेत्र र स्थान छ त्यसमामात्र उम्मेदवारले जित्ने हो । सबै जित्ने होइन, तर नेपाल र लोकतन्त्रले जित्नैपर्छ । आगामी निर्वाचनबाट सकेसम्म विधिसम्मतरूपमा सम्पूर्ण वर्ग, क्षेत्र, समूह र लैंगिक प्रतिनिधित्व हुन सकोस् । निर्वाचनपछि बनेको सरकार पूरा अवधि पाँच वर्ष चलोस् । सदन पनि पूरा चलोस् । पाँच वर्षका लागि भनेर चुनाव गर्ने अनि विगतको जस्तो १७ वर्षमा १७ वटै सरकार ब्यहोर्नु नपरोस् ।

छोटो अवधि र संयुक्त सरकारले ठीक ढंगले कार्य सम्पादन गर्न नसक्दा नेपाली जनताको सुशासन, विकास र समृद्धिको चाहना ओझेलमा परिरहेको छ । निरन्तर सरकार परिवर्तन भएमा राजनीतिले पनि स्थायित्व प्राप्त गर्न कठिन हुन्छ । राजनीतिक स्थायित्व नभई विकासको प्रक्रिया अगाडि बढ्न सक्दैन । यो पटक मतदाताको सामूहिक विद्वताले असल नतिजा दिलाउन सक्नुपर्छ । त्यसका लागि विश्वास लागेको पात्र र दललाई मतदान गर्नुपर्छ, जसबाट मुलुकमा स्थायी सरकार दिलाउन सकियोस् ।

**निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र निष्पक्ष गराउन कसको कस्तो भूमिका रहन्छ ?**

निर्वाचन खर्चिलो भयो भनिन्छ । हुन त राज्यको लागि पनि निर्वाचन खर्चिलो छ । निर्वाचन प्रक्रिया, विधि र प्रणालीका कारणले पनि निर्वाचन खर्चिलो भएको छ । राजनीतिक दल र उम्मेदवारबीच ज्ञान, विद्वता, अनुभव र दर्शनमा प्रतिस्पर्धा भए निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी हुन्छ । सिद्धान्त, प्रतिबद्धता र संकल्पअनुसार जान सक्ने उम्मेदवार चुन्ने कि जसरी पनि जित्ने भन्नेलाई ? यो विषय महत्त्वपूर्ण छ । जसरी पनि निर्वाचन जित्ने र संसद्मा पुग्ने अनि यसलाई व्यवसाय र जागिर बनाउने मानसिकता त्याग्नुपर्छ । जनताले यो विषयलाई ध्यानपूर्वक सोच्नुपर्छ ।

> “प्रजातन्त्रमा निर्वाचनको विकल्प र अर्को उपायको खोजी गर्न नपरोस् भन्ने सोचिन्छ । हामी लोकतान्त्रिक अभ्यासमा निकै अगाडि आइसक्यौं । निर्वाचन गर्न र गराउने सिलसिलामा हामी अनुभवी छौं । मतदाताको उत्साहपूर्ण सहभागितामा थुप्रै निर्वाचन गरिसकेका छौं । तथापि, राजनीतिले स्थायित्व र सरकार स्थिर नहुँदा दुःख लाग्छ । यस पाटोमा सुधार गर्दै लैजानुपर्ने छ ।

> निर्वाचनलाई शान्तिपूर्ण बनाउने र विधिपूर्वक सम्पन्न गराउन मतदाताले मन परेको असल व्यक्ति र दललाई मत दिनुपर्छ । निर्वाचन परिणामका आधारमा गठन हुने सरकारले जनभावनाअनुरूप विकास र सुशासन प्रदान गर्न सक्नुपर्छ । त्यसका लागि प्रत्येक मतदाताको पनि उत्तिकै दायित्व छ ।

> चुनावमा सबै उम्मेदवारलाई जित्ने निर्वाचन गर्न सकिन्न । जति निर्वाचन क्षेत्र र स्थान छ त्यसमामात्र उम्मेदवारले जित्ने हो । सबै जित्ने होइन, तर नेपाल र लोकतन्त्रले जित्नैपर्छ । आगामी निर्वाचनबाट सकेसम्म विधिसम्मतरूपमा सम्पूर्ण वर्ग, क्षेत्र, समूह र लैंगिक प्रतिनिधित्व हुन सकोस् । निर्वाचनपछि बनेको सरकार पूरा अवधि पाँच वर्ष चलाओस् । सदन पनि पूरा चलोस् ।

> निर्वाचन खर्चिलो भयो भनिन्छ । हुन त राज्यको लागि पनि निर्वाचन खर्चिलो छ । निर्वाचन प्रक्रिया, विधि र प्रणालीका कारणले पनि निर्वाचन खर्चिलो भएको छ । राजनीतिक दल र उम्मेदवारबीच ज्ञान, विद्वता, अनुभव र दर्शनमा प्रतिस्पर्धा भए निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी हुन्छ ।

> लोकतन्त्र बचाउने जिम्मेवारी मतदाता, राजनीतिक दल र उम्मेदवारको हो । हामीले नै लोकतन्त्रलाई स्थिर र स्थायी बनाउनुपर्छ । मतदाताको विद्वता र विचारका आधारमा असल उम्मेदवार छनोट गर्न सक्नुपर्छ । दर्शनमा फरक भए पनि मतदान शुद्ध र स्वच्छ भावनाले हुनुपर्छ ।

**पछिल्लो समय निर्वाचन पैसाले होइन, निष्ठा र सिद्धान्तले जित्नुपर्छ भन्ने मान्यता हराउँदै गएको छ भनिन्छ नि !**

निर्वाचनमा मतदाताले लोकतान्त्रिक सोच भएका, समाजसेवामा लागेका, सिद्धान्तप्रति प्रतिबद्ध र निष्ठावान उम्मेदवार पहिल्याउन सक्नुपर्छ । निर्वाचन खर्च तोकिएको सीमाभित्र रहेर गरिनुपर्छ । निर्वाचनमा अथाह खर्च गर्ने अनि कागजी प्रतिवेदनमा भने ठिक्क हिसाब देखाउने प्रवृत्ति रोक्नुपर्छ । चुनावमा बढी खर्च र तडकभडक प्रचारप्रसार गर्नेलाई अयोग्य घोषणा गर्ने अधिकार निर्वाचन आयोगलाई छ ।

राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचारप्रसारका क्रममा मतदातासमक्ष राखेका विषय दिगो विश्वासनीय हुनुपर्छ । प्रसारप्रसारलाई शान्तिपूर्ण ढंगबाट नै लैजानुपर्छ । एकअर्कालाई आरोप प्रत्यारोप गर्नहुन्न । निर्वाचनलाई निष्पक्ष र शान्तिपूर्णरूपमा सम्पन्न गर्न सुरक्षालाई चुस्त बनाउनुपर्छ । निर्वाचनमा मतदान गर्नु सबै मतदाताको कर्तव्यलाई बिर्सनुहुन्न । सोचेर मतदान गर्नुपर्छ । मत खेर फाल्नुहुन्न । घरको कामको चापलाई पनि समयको व्यवस्थापन गरी मतदान गर्नुपर्छ । मतदान भनेको भगवान्लाई अर्चना र अर्पण गरेजस्तै देशको भविष्य र हितका लागि अमूल्य दान हो । यसमा कोही पनि छुट्नु र कसैलाई पनि छुटाउनु हुन्न । राजनीतिक दल र उम्मेदवारले पनि मतदान गर्ने विधि र प्रक्रिया ठीक ढंगले सिकाउन र बुझाउन जरुरी छ ।

**निर्वाचन प्रचारप्रसारमा राजनीतिक दल र उम्मेदवारले के कस्ता कुरामा बढी ध्यान दिनुपर्छ ?**

आवधिक निर्वाचन नौ महिना वा एक वर्ष सरकार चलाउनका लागि भएको होइन । निर्वाचनमा अब स्थायी सरकार बनाउँछु भनेर मतदाताले कसरी थाहा पाउने ? त्यो सबैभन्दा ठूलो प्रश्न छ । सरकारमा जाने र पाँच वर्षसम्म निरन्तर काम गर्न नसक्ने स्थिति कसले सिर्जना गरेको हो ? मतदाताले मत हाल्नुअघि विश्लेषण गर्नुपर्छ । हुन त त्यसमा केही हदसम्म राजनीतिक दल, मतदाता स्वयं र निर्वाचन प्रणालीको पनि दोष भनिन्छ । सदनमा धेरै राजनीतिक दल भए भने स्थायित्व हुन्न भन्ने मत पनि छ । यसमा मतदाताको विद्वताको परीक्षण पनि हुन्छ । उहाँहरूको विद्वताले कसको सरकार गठन हुने र विकासको मार्ग कसरी अगाडि बढ्छ भन्ने निर्धारण गर्छ । निर्वाचनपछि गठन हुने सरकारले सम्पूर्ण देशको क्षमता र अवस्थाका आधारमा सुझबुझपूर्ण ढंगले मुलुकलाई समृद्धितर्फ लैजान सक्नुपर्छ ।

**मुलुक निर्वाचनमय भएको छ, यसबेला सरकार र आयोगको भूमिका कस्तो रहन्छ ?**

सरकारले निर्वाचन आयोगलाई निर्वाचन प्रक्रियाका लागि आवश्यक पर्ने सबै खालको स्रोतसाधन र शान्ति सुरक्षाका हिसाबले राजनीतिक दल, उम्मेदवार र मतदातालाई निर्वाचनमा ढुक्कसँग भाग लिने वातावरण मिलाउनुपर्छ । सरकारले मुलुकको समग्र सुरक्षा अवस्थाको मूल्यांकन गरी कुन निर्वाचन क्षेत्र, कुन ठाउँ र कुन मतदान केन्द्रमा सुरक्षा चुनौती छ, त्यसको विश्लेषण गरी आवश्यक प्रबन्ध मिलाउनुपर्छ । हामी निर्वाचनमा अनुभवी छौं । चुनावी प्रचारप्रसारदेखि मतदान, मतपेटिका ढुवानी, मतगणना र विजय जुलुस निस्कने बेलासम्मको सुरक्षा व्यवस्था चुस्त हुनुपर्छ । त्यसका लागि प्रत्यक्ष सरोकार भएका पक्ष राजनीतिक दल र उम्मेदवारले आवश्यक वातावरण बनाउन सहयोग पुऱ्याउनुपर्छ ।

**निर्वाचनमा प्रचारप्रसारको समयमा राजनीतिक दल र उम्मेदवारले अपनाउनुपर्ने सजगताबारे के भन्नुहुन्छ ?**

यसपटक यही फागुन ४ देखि १८ गतेसम्मका लागि निर्वाचन प्रचारप्रसारको समय तोकिएको छ । यस अवधिमा के के गर्न पाइन्छ, के गर्नुहुन्छ, के गर्नुहुँदैन भन्ने विषयमा निर्वाचन आचारसंहितामा स्पष्ट लेखिएको छ । निर्वाचनमा सबै राजनीतिक दल र उम्मेदवारले भद्र ढंगबाट चुनाव प्रचारप्रसार गर्न पाउनुपर्छ । आफ्नो पक्षमा चुनाव प्रचारप्रसार गर्दा अर्को पक्षको विरोध गर्न पाइन्न । हाल निर्वाचन प्रचारप्रसारको सन्दर्भमा प्रविधिको प्रयोगको अभ्यास बढेको छ । अर्को पक्षलाई आरोपप्रत्यारोप मात्र होइन, द्वेष र घृणा फैलाउने तथा अनर्गल प्रचार गर्नुहुन्न । आफ्ना राम्रा पक्ष र उद्देश्यमात्र प्रचारप्रसार गरिनुपर्छ । यसका लागि मतदाता शिक्षा र चुनाव प्रसारप्रसारको माध्यम सामाजिक सञ्जाल अत्यन्त प्रभावकारी देखिएको छ ।

**निर्वाचनमा मौन अवधिलाई अलि पेचिलो र विशेष रूपमा किन हेरिन्छ ?**


चुनावी प्रचारप्रसार जतातत्तै भइरहेको छ । कतिपय स्थानमा एकअर्का दलका उम्मेदवार आपसमा अंकमाल गर्दै भोट मागिरहेको पनि देखिन्छ । यो असल पक्ष हो । निर्वाचन प्रचारप्रसारको अन्त्यतिर वातावरणलाई शान्त तुल्याउन र मतदातालाई कुन उम्मेदवारलाई मत प्रदान गर्न ठीक होला भनी सोच विचार गर्नका लागि मौन अवधिको व्यवस्था गरिएको हो । जोडतोडमा भइरहेको प्रचारप्रसार सकेर निर्वाचनको ठूलो महायज्ञको वातावरण बनाउन मौन अवधिको अत्यन्त महत्त्व छ । त्यो समयमा राजनीतिक दल र उम्मेदवारले निर्वाचन आचारसंहिताविपरीत कुनै पनि कार्य गर्नहुन्न । शान्तपूर्वक बस्नुपर्छ । मतदातालाई प्रभाव पार्ने ढंगबाट कुनै पनि कुरा गर्न पाइन्न । निर्वाचनको पवित्रतामाथि आक्षेप र प्रभाव पार्ने कुनै कार्य गरिनुहुन्न ।

**अन्त्यमा मतदातालाई यहाँको केही सन्देश छ ?**

लोकतन्त्र बचाउने जिम्मेवारी मतदाता, राजनीतिक दल र उम्मेदवारको हो । हामीले नै लोकतन्त्रलाई स्थिर र स्थायी बनाउनुपर्छ । मतदाताको विद्वता र विचारका आधारमा असल उम्मेदवार छनोट गर्न सक्नुपर्छ । दर्शनमा फरक भए पनि मतदान शुद्ध र स्वच्छ भावनाले हुनुपर्छ । तोकिएको समयावधिभित्र मतदान केन्द्रमा पुगी मतखेर नजाने ढंगबाट मतदान गर्नुपर्छ ।

प्रधानमन्त्री कार्कीको निर्देशन

# निर्वाचनलाई निष्पक्ष र शान्तिपूर्ण बनाउन जिम्मेवार बन्नू



■ प्रभाव संवाददाता

**लुम्बिनी–** प्रधानमन्त्री सुशीला कार्कीले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन निष्पक्ष र शान्तिपूर्णरूपमा सम्पन्न गर्नेगरी तयारीका साथ काम गर्न निर्देशन दिएकी छन् ।

निर्वाचन तयारी सन्दर्भमा शनिबार लुम्बिनी प्रदेशको अवस्थाका बारेमा जानकारी लिन आयोजित प्रदेशस्तरीय सुरक्षा बैठकमा निर्देशन दिँदै प्रधानमन्त्री कार्कीले निर्वाचन निष्पक्ष र शान्तिपूर्णरूपमा सम्पन्न गर्नु सबैको जिम्मेवारी भएकाले यसमा सबै जिम्मेवार बन्न निर्देशन दिएको बैठकपछि लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले जानकारी दिए ।

प्रधानमन्त्री कार्कीसहित शनिबार बिहान मध्यपश्चिम पृतना हेडक्वाटर बुटवलमा आयोजित प्रदेशस्तरीय एकीकृत सुरक्षा बैठकमा समग्र प्रदेशको निर्वाचनको तयारी र सुरक्षा अवस्थाबारे जानकारी लिनुभएको प्रदेश सरकारका प्रमुख सचिव काप्रीले जानकारी दिए । जिल्लास्थित सुरक्षा समितिले जिल्लाको चुनौतीका अवस्था पहिचान गरेर त्यसैअनुरूपको सुरक्षा रणनीति बनाएर अघि बढ्न प्रधानमन्त्रीबाट निर्देशन भएको प्रदेश सरकारका प्रमुख सचिव काप्रीले बताए ।

जिल्लागतरूपमा मतदानस्थललाई चुनौती पहिचान गरी तिनलाई वर्गीकरण गरेर नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलसहितको एकीकृत सुरक्षा योजनाअनुरूप अघि बढ्न निर्देशन दिएको प्रमुख सचिव काप्रीले बताए ।

प्रदेशका १२ वटै जिल्लामा तयारी, प्रदेशमा गठन भएको निर्वाचन कमाण्ड सेलसँग संवाद गरेर निर्वाचन निष्पक्ष र शान्ति पूर्णरूपमा सम्पन्न गर्न १२ वटै जिल्लामा जिल्ला सुरक्षा समितिले योजना बनाएका विषयमा प्रधानमन्त्रीसमक्ष जानकारी गराइएको प्रमुख सचिव काप्रीले जानकारी गराए । बैठकमा नेपाली सेनाका पृतनापति हिम्मतबहादुर विष्ट, नेपाल प्रहरीका प्रदेश प्रमुख, प्रहरी नायव महानिरीक्षक भूपेन्द्रबहादुर खत्री, सशस्त्र प्रहरी बलका अतिरिक्त प्रहरी महानिरीक्षकलगायत बैठकमा सहभागि विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीले जानकारी गराएका थिए ।

यस्तै प्रदेश सरकारका प्रमुख सचिव काप्रीले समग्र प्रदेशको तयारीका अवस्थामा जानकारी गराइएको बताए । जिल्लागत रूपमा अतिसंवेदनशील, संवेदनशील र सामान्य निर्वाचन मतदान केन्द्र पहिचान गरेर आवश्यक तयारी गरिएको जानकारी गराए । जिल्लास्थित सरकारी निकायले त्यस्ता चुनौती पहिचान गरेर समाधानका लागि आवश्यक संवाद र छलफल गरेर काम गर्ने विषयमा जानकारी गराइएको थियो ।

प्रधानमन्त्रीको निर्देशनबाट निर्वाचन निष्पक्ष र शान्तिपूर्णरूपमा सम्पन्न गर्न थप हौसला मिलेको र प्रतिबद्धताका साथ निर्वाचन शान्तिपूर्ण र निष्पक्षरूपमा सम्पन्न लाग्ने प्रमुख सचिव काप्रीले बताए । एकीकृत सुरक्षा योजनाअन्तर्गत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागबाट संकलित सूचना विश्लेषण गरेर आवश्यक रणनीति तय गरिने विषयमा बैठकमा छलफल भएको जानकारी दिए ।

प्रदेश सरकारले पनि यो निर्वाचन निष्पक्ष र शान्तिपूर्णरूपमा सम्पन्न गर्ने जिम्मेवारी रहेकाले प्रदेश सरकारका जिल्लास्थित निकायहरू, स्थानीय तहबाट सहयोग लिएर निर्वाचन तयारीको काम भइरहेको जानकारी गराए । प्रदेशका १२ जिल्लाका २६ निर्वाचन क्षेत्रमध्ये प्रमुख रूपमा तराईका जिल्लामा खुला सीमाना प्रमुख साझा चुनौतीका रूपमा रहेका विषयमा छलफल भएको बताए ।

यस प्रदेशमा पश्चिम नवलपरासीदेखि बर्दियासम्ममा ४१४ किलोमिटर खुला सिमाना छ । प्रदेशमा एउटा हिमाली जिल्ला रुकुमपूर्व सञ्चारमा सूचना संकलन, पहुँचजस्ता विषय, जनसांख्यिक विविधताका हिसाबले धार्मिक, जातीय र भौगोलिकताजस्ता विषयमा समस्या आउनसक्ने सम्भावनालाई पहिचान गरेर तयारी गरिने बताए । प्रधानमन्त्रीसमक्ष यस्ता विषयमा विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले जानकारी गराएको बताए ।

# बाघ गणनामा राखिएका ६० क्यामरा हराए

**चितवन–** चितवन र पर्सा राष्ट्रिय निकुञ्ज कम्प्लेक्समा बाघ गणनामा प्रयोग गरिएका ६० वटा क्यामरा हराएका छन् ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरले ८५ क्यामरामध्ये ६० वटा हराएका र २५ वटा बिग्रेका छन् । उनले चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा एक हजार ७८० वटा क्यामरा प्रयोग गरिएको बताए ।

गत पुस ३ गतेदेखि सुरु गरिएको बाघ गणना बिहीबार सम्पन्न भएको छ । थापा मगरका अनुसार दुईवटा राष्ट्रिय निकुञ्जलाई एउटा कम्प्लेक्स र एउटा कम्प्लेक्सलाई तीन ब्लकमा विभाजन गरी बाघ गणना गरिएको थियो । यस कम्प्लेक्सलाई ९५८ वटा ग्रिड बनाएर बाघ गणना गरिएको थियो । ती ग्रिडमा प्रयोग गरिएका क्यामरामध्ये ८५ क्यामरा समस्याग्रस्त भएका थापा मगरले बताए ।

उनका अनुसार एउटा ब्लकमा १७ रात क्यामरा राखेर काम गरिएको हो । दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गरिएको हो । यसअघि सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३५५ वटा वयस्क बाघ रहेको तथ्यांक सार्वजनिक भएको थियो । उक्त गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ भेटिएका थिए । *रासस*

# मनाङका केही मतदान केन्द्रको अनुगमनमा समस्या

**मनाङ–** प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गए पनि मनाङका केही मतदान केन्द्रको अनुगमन हुन सकेको छैन । यहाँ फरक समयमा हिमपात भएकाले मतदान केन्द्रको अनुगमन गर्न केही समस्या भएको हो ।

प्रमुख जिल्ला अधिकारी नवराज पौडेलले विशेषगरी हिमपातका कारण नार्पाभूमि गाउँपालिकामा रहेका मतदान केन्द्रको अनुगमनमा समस्या भएको जानकारी दिए । उनले भने, 'भौगोलिक अवस्था र चिसोका कारण अनुगमन प्रभावित भएको छ । समस्याकाबीच मनाङ ङिस्याङ गाउँपालिकाका नौवटै मतदान केन्द्रको अनुगमन गरिएको छ । चामे र नासोँ गाउँपालिकाकामा रहेका मतदान केन्द्रको यसअघि नै अनुगमन भए पनि नार्पाभूमिका केन्द्रमा पुग्न सकिएको छैन ।'

मनाङ सदरमुकाम चामेबाट नार्पाभूमिका मतदान केन्द्र पुग्न हिँडेर दुई दिन लाग्छ । नार्पाभूमि गाउँपालिकाका वडा नं १ देखि ३ सम्म नार क्षेत्रमा तीन, वडा नं ४ र ५ को फू क्षेत्रमा दुई गरी पाँचवटा मतदान केन्द्र छन् । यहाँ आउजाउ गर्न समस्या भएपछि अस्थायीरूपमा मतदान केन्द्र सदरमुकाम सार्ने विषयमा पनि स्थानीय पालिकासँग छलफल भइरहेको प्रमुख जिल्ला अधिकारी पौडेलले बताए ।

नार्पाभूमि गाउँपालिकामा ४८८ मतदाता रहेका छन् । जिल्ला निर्वाचन अधिकारी जीवन कुँवरले पाँचवटै वडामा मतदान केन्द्र कायम गरिएका र मौसम अनुकूल नभएमा के गर्ने भन्ने विषयमा छलफल भइरहेको बताए । जिल्लामा तीन हजार ६२३ महिला र तीन हजार ३७७ पुरुष गरी सात हजार मतदाता रहेका छन् । विसं २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा छ हजार ७७९ मतदाता रहेकामा यसपटक २२१ मतदाता थपिएका हुन् ।

एकमात्र निर्वाचन क्षेत्र रहेको मनाङमा प्रतिनिधिसभा सदस्यका लागि नेपाली कांग्रेसका टेकबहादुर गुरुङ, नेपाल कम्युनिस्ट पार्टीकी यशोदा सुवेदी गुरुङ र मंगोल नेसनल अर्गनाइजेसनका रामबहादुर गुरुङ प्रतिस्पर्धामा छन् । *रासस*


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/१० गते**

यस कम्पनीको मिति २०८२/१०/१२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **वेवील्याण्ड अंग्रेजी स्कुल काठमाडौँ प्रा.लि.(दर्ता.नं. १९९६९-०५९-६०)** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **वेवील्याण्ड ईङ्गलिस सकेण्डरी स्कुल काठमाडौँ प्रा.लि**.कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/१० गते**

कम्पनी ऐन, २०६३ वमोजिम प्रा.लि.नं ३३३७९०/०८०/०८१ को साविक **एभरेष्ट एटोर्निजल एण्ड रिसर्च सेञ्टर प्रा. ली** कम्पनीको नाम परिवर्तन भई अव **उप्रान्त एभरेष्ट एटोर्निज एण्ड एडभाईजरी प्रा.ली**.कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयवाट समेत स्वीकृती प्राप्त भई सकेकोले सोहिवमोजिम हुने व्यहोरा सम्वन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**एभरेष्ट एटोर्निज एण्ड एडभाईजरी प्रा.ली.**
**बुढानिलकण्ठ न.पा, वडा नं-१२, काठमाण्डौं नेपाल**

## ऋण चुक्ता गर्न आउँने ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/१० गते**

यस संस्थाको तपसिलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागी पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागी यो ३५ दिने सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक शर्त कबुलियतनामा बमोजिम तपाईको नाममा वा एकाघर परिवारको नाममा मालपोत कार्यालयमा दर्ता रहेको चल अचल सम्पत्ति ऋण असूली न्यायधिकरणबाट निर्देशित प्रक्रियाबाट नेपाल सरकारको कानुन बमोजिम रोक्का राखी असुल उपर गर्न संस्था बाध्य हुने व्यहोरा जानकारी गराउँदै संस्थाको साँवा, ब्याज र हर्जाना असुलीको सिलासिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौं । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचालित कानुन-बमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | ऋणीको फोटो | जमानत दिनेको विवरण |
|---|---|---|---|
| १ | **ऋणी : अच्युत रूपाखेती**<br>बुबा : झंकनाथ रूपाखेती<br>बाजे : रोहिणी प्रसाद रूपाखेती<br>ठेगाना : जीवनपुर-०३, धादिङ्ग |  | **नाम : प्रकाश भट्ट**<br>बुबा : शिवनाथ भट्ट<br>बाजे : लक्ष्मीनाथ भट्ट<br>ठेगाना : तारकेश्वर-०६, काठमाडौं |
| २ | **ऋणी : अर्जुन प्रसाद तिमल्सिना**<br>बुबा : गुण लाल तिमल्सिना<br>बाजे : हरि नारायण तिमल्सिना<br>ठेगाना : च्याम्राङ्गबेंसी-०८, काभ्रेपलाञ्चोक |  | **नाम : रमिना तिमल्सिना**<br>श्रीमान : अर्जुन प्रसाद तिमल्सिना<br>स-बुबा : गुण लाल तिमल्सिना<br>ठेगाना : च्याम्राङ्गबेंसी-०८, काभ्रेपलाञ्चोक |
| ३ | **ऋणी : वासुदेव फुयाल**<br>बुबा : भोज राज फुयाल<br>बाजे : वोधनाथ फुयाल<br>ठेगाना : ओखरपौवा-०१, नुवाकोट |  | **नाम : सुशीला भट्ट**<br>श्रीमान : वासुदेव फुयाल<br>स-बुबा : भोज राज फुयाल<br>ठेगाना : धर्मस्थली-०९, काठमाडौं |
| ४ | **ऋणी : महेन्द्र अर्याल**<br>बुबा : शिवराम प्रसाद अर्याल<br>बाजे : टेकनाथ अर्याल<br>ठेगाना : जितपुर-०९, काठमाडौं |  | **नाम : शिवराम प्रसाद अर्याल**<br>बुबा : टेकनाथ अर्याल<br>बाजे : चन्द्रमणी अर्याल<br>ठेगाना : जितपुर-०९, काठमाडौं |
| ५ | **ऋणी : मनिष कुमार मिश्र**<br>बुबा : उदय नारायण मिश्र<br>बाजे : हरि प्रसाद मिश्र<br>ठेगाना : खैर्वा-०१, सर्लाही |  | **नाम : सुरज के.सी.**<br>बुबा : बलराम के.सी.<br>बाजे : नारायण बहादुर के.सी.<br>ठेगाना : विदुर-०५, नुवाकोट |
| ६ | **ऋणी : पेम्बा शेर्पा**<br>बुबा : छेटेन शेर्पा<br>बाजे : सुकु शेर्पा<br>ठेगाना : काठमाडौं-२९, काठमाडौं |  | **नाम : हरिशरण पन्त**<br>बुबा : रुद्र प्रसाद पन्त<br>बाजे : पदम प्रसाद पन्त<br>ठेगाना : काठमाडौं-१६, काठमाडौं |
| ७ | **ऋणी : प्रवेश धिमाल**<br>बुबा : रमेश धिमाल<br>बाजे : हरि प्रसाद धिमाल<br>ठेगाना : कागेश्वरी मनोहरा-०२, काठमाडौं |  | **नाम : दिपेन्द्र फुयाल**<br>बुबा : ध्रुव प्रसाद फुयाल<br>बाजे : पुण्य प्रसाद फुयाल<br>ठेगाना : कागेश्वरी मनोहरा-०२, काठमाडौं |
| ८ | **ऋणी : राधिका काफ्ले**<br>बुबा : भगिरथ काफ्ले<br>बाजे : चन्द्र लाल काफ्ले<br>ठेगाना : छात्तेढुङ्गा-०३, तेह्रथुम | | **नाम : मुकुन्द राज खनाल**<br>बुबा : धर्मानन्द खनाल<br>बाजे : गंगाधर खनाल<br>ठेगाना : तम्फुला-०३, तेह्रथुम |
| ९ | **ऋणी : साजन जमकटेल**<br>बुबा : माधव जमकटेल<br>बाजे : भिम राज जमकटेल<br>ठेगाना : तारकेश्वर-०३, काठमाडौं |  | **नाम : मनोहरी तिवारी**<br>बुबा : तोरण बहादुर तिवारी<br>बाजे : सिंह बहादुर तिवारी<br>ठेगाना : तारकेश्वर-०३, काठमाडौं |
| १० | **ऋणी : सविना पाण्डे घिमिरे**<br>श्रीमान : अरुण घिमिरे<br>स-बुबा : मनोहर घिमिरे<br>ठेगाना : तारकेश्वर-०६, काठमाडौं |  | **नाम : अरूण घिमिरे**<br>बुबा : मनोहर घिमिरे<br>बाजे : दुर्गा प्रसाद घिमिरे<br>ठेगाना : तारकेश्वर-०६, काठमाडौं |

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
**डिल्लीबजार, काठमाडौं, फोन: ०१-४४३५७७९, ०१-४४३४३२०**
**Email: savingbachan@gmail.com, Web: www.bachansaving.com**

## माउण्ट धौलागिरी बहुउद्धेश्यीय सहकारी संस्था लि.बाट कारोबार गर्ने तपशिलका ऋणी सदस्यलाई लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति २०८२ साल फागुन १० गते आइतबार)

माउण्ट धौलागिरी बहुउद्देश्यीय सहकारी संस्था लि. ढुङ्गेधारा, रिङ्गरोड काठमाण्डौबाट ऋण लिई कारोबार गर्ने तपशिलमा उल्लेखित ऋणी सदस्यले लिनुभएको कर्जाको सावाँ व्याज तीर्न बुझाउनको लागि मौखिक तथा लिखित तरताकेता गर्दा तथा ३५ दिने कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणको सावाँ व्याज चुक्ता नगरेको हुँदा कर्जाको सावाँ, व्याज, हर्जाना व्याज र लिलाम हुने दिनसम्मको हुने व्याज समेत असुल उपर गर्नको लागि सुरक्षण वापत लेखिदिएको तपशिलमा उल्लेखित अचल सम्पत्ति लिलाम विक्री गर्नुपर्ने भएकोले यो धितो लिलाम सम्बन्धी ३५ (पैतीस) दिने सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई तीर्नु बुझाउनुपर्ने सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तानी गर्नुहोला । अन्यथा तपाई ऋणी तथा व्यक्तिगत धनजमानी दिने सदस्यहरुले यस संस्थालाई कर्जाको सुरक्षण वापत लेखी/लेखाई दिएको चल/अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा संस्थाको कर्जा नियमावली वमोजिम सूचना प्रकाशित भएको मितिले ३६ औं दिनमा तपशिलमा उल्लेखित मिति, समय र स्थानमा लिलाम विक्री गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ऋणीको नाम ठेगाना | जमानिको विवरण |
|---|---|
| **१. ऋणीको नामः तोयानाथ चालिसे**<br>(ना.प्र.नं. २४४, चितवन)<br>बाबु : भक्तिराम चालिसे<br>बाजे : लालु उपाध्याय चालिसे<br>साविकको ठेगाना : भरतपुर न.पा. वडा नं. १, चितवन<br>हालको ठेगाना : भरतपुर म.न.पा वडा नं. ३, चितवन | नामः **अस्मिता भण्डारी**<br>(ना.प्र.नं. ३६९८५, चितवन)<br>बाबुको नामः भीम प्रसाद भण्डारी<br>बाजे : तिल प्रसाद भण्डारी<br>पति : विद्या सागर चालिसे<br>साविकको ठेगाना : भरतपुर न.पा. वडा नं. ४, चितवन<br>हालको ठेगाना : भरतपुर म.न.पा. वडा नं. ३, चितवन |
| **२. ऋणीको नामः बन्दना पौडेल**<br>(ना.प्र.नं. ५९४७, बाग्लुङ्ग)<br>बाबु : तोयानाथ चालिसे<br>बाजेः भक्तिराम चालिसे<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं | नामः **लेखनाथ पौडेल**<br>(ना.प्र.नं. १४९०, बाग्लुङ्ग))<br>बाबुको नामः ओम प्रसाद शर्मा पौडेल<br>बाजे : प्रेम प्रसाद शर्मा पौडेल<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं |
| **३. ऋणीको नामः ज्ञानेन्द्र प्रसाद पौडेल**<br>(ना.प्र.नं. ५५३, बाग्लुङ्ग)<br>बाबुको नामः ओम प्रसाद शर्मा पौडेल<br>बाजे : प्रेम प्रसाद शर्मा पौडेल<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं | नामः **बन्दना पौडेल**<br>(ना.प्र.नं. ५९४७, बाग्लुङ्ग)<br>बाबु : तोयानाथ चालिसे<br>बाजेः भक्तिराम चालिसे<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं |
| **४. ऋणीको नामः बिस्सु पण्डित**<br>(ना.प्र.नं. २८९८०)<br>बाबुको नामः छबिलाल पण्डित<br>बाजे : प्रेम प्रसाद शर्मा पौडेल<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं | नामः **ज्ञानेन्द्र प्रसाद पौडेल**<br>(ना.प्र.नं. ५५३, बाग्लुङ्ग)<br>बाबुको नामः ओम प्रसाद शर्मा पौडेल<br>बाजे : प्रेम प्रसाद शर्मा पौडेल<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं |
| **५. ऋणीको नामः लेखनाथ पौडेल**<br>(ना.प्र.नं. १४९०, बाग्लुङ्ग))<br>बाबुको नामः ओम प्रसाद शर्मा पौडेल<br>बाजे : प्रेम प्रसाद शर्मा पौडेल<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं | नामः **बन्दना पौडेल**<br>(ना.प्र.नं. ५९४७, बाग्लुङ्ग)<br>बाबु : तोयानाथ चालिसे<br>बाजेः भक्तिराम चालिसे<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं |
| **६. ऋणीको नामः सरस्वती शर्मा**<br>(ना.प्र.नं. १४३८८)<br>बाबुको नामः चुडामणी तिवारी<br>बाजे : तुलसीराम तिवारी<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं | नामः **गोविन्द प्रसाद शर्मा**<br>(ना.प्र.नं. १४६१, बाग्लुङ्ग)<br>बाबुको नामः ओम प्रसाद शर्मा पौडेल<br>बाजे : प्रेम प्रसाद शर्मा पौडेल<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं |
| **संयुक्तमा रहेको सम्पूर्ण धितोको विवरण** | |
| १. चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २६ साविक भरतपुर सिस्वार वडा नं. ४ मा अस्मिता भण्डारी र बन्दना पौडेल को संयुक्त नाममा दर्ता श्रेष्ता रहेको कि.नं. १०० को क्षेत्रफल २-१२-६-० (विघा) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लिगापात समेत ।<br>२. चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २६ साविक भरतपुर सिस्वार वडा नं. ४ मा अस्मिता भण्डारी र गोविन्द प्रसाद शर्मा को संयुक्त नाममा दर्ता श्रेष्ता रहेको कि.नं. ३२६ को क्षेत्रफल १-०-०-० (विघा) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लिगापात समेत ।<br>३. चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २६ साविक भरतपुर सिस्वार वडा नं. ४ मा अस्मिता भण्डारी र ज्ञानेन्द्र प्रसाद पौडेल को संयुत्त नाममा दर्ता श्रेष्ता रहेको कि.नं. ३२७ को क्षेत्रफल १-३-०-० (विघा) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लिगापात समेत । | |
| **७. ऋणीको नामः युद्ध विलास न्यौपाने**<br>(ना.प्र.नं.:१७१६/१४४, चितवन)<br>बाबुः शिवलाल न्यौपाने<br>बाजेः देवि प्रसाद न्यौपाने<br>स्थायी ठेगानाः चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६, गीतानगर (साविक चितवन, गितानगर गा.वि.स. ५)<br>जग्गा धनीः लिला देवी न्यौपाने<br>ठेगानाः चितवन जिल्ला, भरतपुर म.न.पा.वडा नं. ६, गीतानगर (साविक चितवन, गितानगर गा.वि.स. ५) | **नामः सुमन अधिकारी**<br>(ना.प्र.नं.:९६२, चितवन)<br>बाबुः कुल प्रसाद अधिकारी<br>बाजेः चतुराखर अधिकारी<br>स्थायी ठेगानाः चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ (साविक गीतानगर गा.वि.स. वडा नं. ३) |
| **धितोको विवरण** | |
| १. चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ (साविक गीतानगर गा.वि.स. वडा नं. ५) मा लिला देवी न्यौपानेको नाममा दर्ता श्रेष्ता रहेको कि.नं.२७६० को क्षेत्रफल ९०१-८१-०-० व. मि. जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लिगापात समेत । | |
| **८. ऋणीको नामः सुमन अधिकारी**<br>(ना.प्र.नं.:९६२, चितवन)<br>बाबुः कुल प्रसाद अधिकारी<br>बाजेः चतुराखर अधिकारी<br>स्थायी ठेगानाः चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ (साविक गीतानगर गा.वि.स. वडा नं. ३) | **नामः युद्ध विलास न्यौपाने**<br>(ना.प्र.नं.:१७१६/१४४, चितवन)<br>बाबुः शिवलाल न्यौपाने<br>बाजेः देवि प्रसाद न्यौपाने<br>स्थायी ठेगानाः ठेगानाः चितवन जिल्ला, भरतपुर म.न.पा.वडा नं. ६, गीतानगर (साविक चितवन, गितानगर गा.वि.स. ५) |
| **धितोको विवरण** | |
| १. चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २२ (साविक पटिहानी गा.वि.स.वडा नं.३) मा सुमन अधिकारीको नाममा दर्ता श्रेष्ता रहेको कित्ता नं. ४४९ को क्षेत्रफल ०-२-१३.५-०, कित्ता न. ५१४ को क्षेत्रफलः ०-१-०-०, कित्ता नं. ५१५ को क्षेत्रफलः ०-४-०-०, कित्ता नं.:४४८ को क्षेत्रफलः ०-१-१३-० र कित्ता नं.: १२१४ को क्षेत्रफलः ०-५-७-० जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लिगापात समेत । | |

**लिलाम बिक्रीका शर्तहरु**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कवोल गर्ने व्यक्तिले आफूले कवुल गरेको रकमको १० प्रतिशतले हुने रकम नगदै धरौटी वापत तुरुन्त यस संस्थामा बुझाउनु पर्नेछ ।
२. बोल कबोल गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्तिलाई उक्त सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ ।
३. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृति पत्र पाएको मितिले ७ दिन भित्र बाँकी रकम बुझाई नामसारी गर्नु पर्नेछ । नामसारी गरी नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. तोकिएको दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुनेछ ।
५. लिलाममा विक्रि हुने अचल सम्पत्ति घर/जग्गाको सम्बन्धित कागजातहरु हेर्न चाहनुहुने महानुभावहरुले यस संस्थाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
६. सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम तथा कर्जा लगानी तथा असुली नीति अनुसार लिलाम विक्रि गर्नु पर्ने जायजेथा लिलाम विक्रि गर्दा कसैले नसकारेमा संस्थाले उक्त सम्पत्तिको स्वामित्व आफुमा लिन सक्ने छ ।
७. लिलाम विक्रि गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वंयले व्यहोर्नु पर्नेछ ।
८. संस्थामा सुरक्षणमा रहेको अचल धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणीको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।

**लिलाम हुने मिति, स्थान र समयः**

**मिति :** २०८२/१२/१५ गते, आइतबार **स्थानः** संस्थाको कार्यालय, ढुङ्गेधारा, रिङ्गरोड काठमाण्डौ **समय :** दिउँसो ३ बजे ।

**माउण्ट धौलागिरी बहुउद्देश्यीय सहकारी संस्था लि.**
माउण्ट धौलागिरी भवन, अन्नपुर्ण चोक, सानोभऱ्याङ्ग, रिङ्गरोड-१५, काठमाडौं
नेपाल, फोन नं.: ०१-५२४९३३८, ५२४९४५०

# प्रभाव दैनिक





### 'जिरो डिग्री'मा सनिशा

फिल्म 'जिरो डिग्री'मा मुख्य नायिकाको रूपमा सनिशा भट्टराई अनुबन्धित भएकी छन् । निर्माण पक्षले शुक्रबार उनलाई फिल्मका लागि चयन गरेको हो । विजय बरालको मुख्य भूमिका रहेको फिल्ममा सनिशाले विजयसँग जोडी बन्ने छिन् । अहिले छायांकनको तयारीमा रहेको फिल्मको केही दिन अघि 'अरे हो नेता जी' बोलको व्यङ्ग्यात्मक गीत सार्वजनिक भएको थियो । मेघौली फिल्म्सको ब्यानरमा निर्माण हुन लागेको 'जिरो डिग्री' डार्क कमेडी जनरामा आधारित रहनेछ । एक दुर्गम गाउँमा, आमाबुवाको निधनपछि विदेशमा रहेका सन्तान गाउँ आइपुगुन्जेल शव सुरक्षित राख्न 'डीप फ्रिज' बोकेर लैजाँदा उत्पन्न हुने परिस्थिति र उथलपुथलपूर्ण घटनाहरूमा फिल्मले देखाउनेछ ।







# सहाराले १२ वर्षपछि चुम्यो आहा रारा गोल्डकपको उपाधि




■ प्रभाव संवाददाता

**कास्की–** मोफसलको पुरानो र प्रतिष्ठित राष्ट्रिय तथा अन्तरराष्ट्रिय आमन्त्रित आहा रारा पोखरा गोल्डकपको २५औँ संस्करणको उपाधि आयोजक सहारा क्लब पोखराले जितेको छ ।

पोखरा रङ्गशालामा शनिबार सम्पन्न फाइनल खेलमा जावलाखेल युथ क्लबलाई २-० गोलले हराउँदै सहाराले १२ वर्षपछि उपाधि चुम्यो । च्याम्पियन बनेको सहाराले ट्रफीसहित रु १४ लाख एक हजार पुरस्कार पाउँदा उपविजेता जावलाखेलले रु सात लाख एक हजार र ट्रफीमा चित्त बुझायो । सहाराले विसं २०७० मा पहिलोपटक उपाधि जितेको थियो ।

सहारालाई च्याम्पियन बनाउने क्रममा खेलको २५औँ मिनेटमा फरवार्ड मुकुन्दकुमार निउरेले गोल गरे । सुशील लामाको कर्नर बललाई निउरेले उत्कृष्ट हेड गर्दै गोल गरे । पहिलो हाफमा एक गोलको अग्रता बनाएको घरेलु टोलीले दोस्रो हाफमा पुनः एक गोल थप्न सफल भयो । खेलको ७३ औं मिनेटमा सहाराका विदेशी खेलाडी टाय डिनियल बादारुले हेडमार्फत गोल गरेपछि टोलीको जित पक्का गरे ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीको उपाधि सहाराका मुकुन्दकुमार निउरे घोषित हुँदै एक थान इलेक्ट्रिक स्कुटर पाए । यसैगरी उत्कृष्ट डिफेन्डर सहाराका बादारु घोषित, सर्वाधिक गोलकर्ता प्लानिङ ब्वाईजका पापा आईबोउ केबे, उदियमान खेलाडी सहाराका मुकुन्दकुमार निउरे, स्ट्राईकर जावलाखेल युथ क्लबका धर्वेन्द कुँवर, गोलकिपर सहाराका टीकेन्द्र थापा, मिडफिल्डर जावलाखेलका बाउबकर सिसिको, प्रशिक्षक सहाराका सुनिल रानामागर र 'फेयर प्ले अवार्ड' आभा फुटबल क्लब उज्वेकिस्तानले पाए ।

उनीहरूले जनही नगद रु २५ हजार पुरस्कार पाएका छन् । सहारा क्लब पोखराको आयोजनामा गत माघ २७ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा विदेशी तीन र नेपालका नौ गरी १२ टोलीले प्रतिस्पर्धा गरेका थिए ।

विजेता खेलाडी गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापा, मुख्य प्रायोजक हिमश्री फड्सका कार्यकारी निर्देशक प्रकाश केसी लगायतले पुरस्कार वितरण गरे ।

# कृषाको 'पारस'मा निरूतापछि सुशीलको इन्ट्री

■ प्रभाव संवाददाता




**काठमाडौं–** कृषा चौलागाइँको निर्देशनमा निर्माण हुन लागेको फिल्म 'पारस'मा सुशील श्रेष्ठको इन्ट्री भएको छ । निर्माण टिमले बुधबार फिल्ममा निरुता सिंहलाई अनुबन्ध गरेको थियो । निरुतालाई फिल्ममा अनुबन्ध गरेको दुई दिनमा नै एक्सन स्टारमा रूपमा परिचित सुशीललाई अनुबन्ध गरेको हो ।

कृषाले सुशीलसँगको फोटो सेयर गर्दै पारसमा सुशीलाई अनुबन्ध गरेको जानकारी दिएकी छन् । उनी लेख्छिन्,'प्रतिभाशाली र आकर्षक श्री सुशील श्रेष्ठलाई हार्दिक स्वागत छ ।'

उनले सुशील आएपछि पारस राम्रो फिल्म बन्न सक्ने बताएकी छन् । यसअघि यो फिल्ममा निखिल उप्रेती नायकका रूपमा अनुबन्ध भइसकेका छन् । नायिकामा जसिता गुरुङ,प्रियंका कार्की,निरुता सिंहलाई निर्माण टिमले फिल्मका लागि अनुबन्ध गरिसकेको छ । यो हेर्दा निर्देशक चौलागाईले फिल्मलाई नेपालमा बनेका पछिल्ला फिल्मको तुलनामा उत्कृष्ट बनाउने देखिन्छ ।

यसअघि सामाजिक कथामा निर्माण भएको फिल्म 'ऐँचोपैचो' र एक्सन जनराको फिल्म 'पिताम्बर'मा आफ्नो काम कृषाले देखाइसकेकी छन् । अब उनी यस फिल्ममा भएका कमीकमजोरीलाई सुधार्दै तेस्रो निर्देशकिय फिल्म 'पारस'लाई बबाल बनाउने दाउमा छिन् ।

प्रेमकथामा आधारित यस फिल्मलाई भारतीय पटकथाकार सचिन लादियाले लेखेका हुन् । उनले लेखक पनि सन् २०१२ को चर्चित भारतीय फिल्म 'ग्याङ्स अफ वासेपुर' को भाग १ र २ को पटकथा लेखनमा सहकार्य लादियालाई फिल्ममा लिएकी छन् । चुनाव लगत्तै फिल्मको छायांकन थाल्ने कृषाको तयारी छ ।

# सान्टा जेभियरलाई हिमालयन डुओ चेसको उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिक शाह र अनिश प्रसाइँको टिम सान्टा जेभियरले दोस्रो हिमालयन डुओ चेसको उपाधि जितेको छ ।

भक्तपुरस्थित रिडर्स हव, कौशलटारमा शनिबार सम्पन्न प्रतियोगिताको फाइनलमा ईलाम हाइटलाई पराजित गर्दै सफलता हात पारेको हो ।

'बगहाउस फर्म्याट' मा सञ्चालित प्रतियोगिता पाँच चरणमा लिगका शीर्ष चार टिमले उपाधि होडमा सेमिफाइनलमा प्रतिस्पर्धा गर्ने अवसर पाएका थिए । लिगमा १९४८ रेटेड अभिक नेतृत्वको सान्टा जेभियरले शतप्रतिशत जितसहित शीर्षस्थान हासिल गर्यो । निहाना श्रेष्ठ र रिदम थापाको टिम मार्भलस चार जितसहित दोस्रो भयो ।

सुरेन्द्रकुमार राई र रवीन्द्र श्रेष्ठको टिम ईलाम हाइट तेस्रोमा रह्यो । बराबरी अंकपछि त्रियोग हाईस्कुललाई प्ले-अफमा हराएर प्याट्रियटिक पनले पनि शीर्ष चारमा स्थान बनायो । तर, प्रवीर केसी र पर्ल श्रेष्ठसम्मिलित प्याट्रियटिक पनलाई सेमिफाइनलमा रोक्दै सान्टा जेभियर फाइनल पुगेको थियो । अर्को सेमिफाइनलमा होटल ईलाम हाइटले टिम मार्भलसलाई पराजित गरेको थियो ।

हिमालयन चेस एकेडेमीद्वारा आयोजित एकदिने प्रतियोगितामा प्रत्येक टिममा फिडे रेटेड एक खेलाडीलाई मात्रै समावेश गरिएको थियो । परिवारका सदस्य, साथी, स्कुलका विद्यार्थी, छिमेकीलाई टिम निर्माणमा संलग्न गरिएको प्रतियोगिताको विजेता सान्टा जेभियरले सात हजार रुपिया, ट्रफी र मेडल हात पारे । उपविजेता होटल ईलाम हाइटले पाँच हजार र मेडल तथा तेस्रो भएको टिम मार्भलसले तीन हजार र मेडल प्राप्त गरे ।

विजेता खेलाडीहरूलाई बेथानचोक गाउँपालिकाका अध्यक्ष भगवान अधिकारी र अन्टरप्रेनर अनुप आचार्यले पुरस्कार प्रदान गरेका थिए । हिमालयन चेस एकेडेमीको भक्तपुर शाखा रहेको योङ लर्नस् (रिडर्स हवसँगै रहेको) मा आयोजित प्रतियोगितामा १२ टिम सहभागि थिए । योसँगै २०८० साल चैत १ गते औपचारिक उद्घाटनसँगै व्यवस्थित रूपमा सञ्चालित हिमालयन चेस एकेडेमी आफैंले ब्लिट्ज, र्‍यापिड, क्लासिकल चेस र पजल सोल्भिङ कन्टेस्ट गरी १३ प्रतियोगिता सफलतापूर्वक आयोजना गरेको छ ।

# भूपू सैनिकलाई उपाधि

■ प्रभाव संवाददाता

**वालिङ–** भूपू सैनिक वालिङले शब्द चिन्तन पर्वतलाई १-० गोलअन्तरले पराजित गर्दै १० औं संस्करणको अर्हन्त मेमोरियल कप फुटबल प्रतियोगिताको उपाधि जितेको छ ।

खेलको १२औं मिनेटमा आभिषेक परियारले गरेको एकमात्र गोल नै निर्णायक सावित भयो । फाइनल खेलको 'म्यान अफ द म्याच' पनि गोलकर्ता परियार घोषित भए ।

प्रतियोगितामा उत्कृष्ट गोलरक्षकको उपाधि भूपू सैनिकका शिशिर परियारले जिते भने उत्कृष्ट डिफेन्डर शब्द चिन्तनका दिकबहादुर रानालाई प्रदान गरियो । त्यसैगरी उत्कृष्ट मिडफिल्डर भूपू सैनिकका अनिश राना घोषित भए ।

प्रतियोगिताको 'फेयर प्ले टिम' आर्मडी इङ्लिस बोर्डिङ चयन भयो। भूपू सैनिकका प्रशिक्षक प्रदीप क्षेत्री उत्कृष्ट प्रशिक्षक घोषित भए भने प्रतियोगिताको 'प्लेयर अफ द टुर्नामेन्ट' उपाधि पनि भूपू सैनिककै अनमोल विकले हात पारे ।


नेपाल सरकार

गृह मन्त्रालय

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय

## हाजिर हुन आउने बारेको सूचना

देहायमा उल्लेखित विवरणका सशस्त्र प्रहरी कर्मचारीहरु सशस्त्र प्रहरी बल, नेपालका विभिन्न ईकाईबाट बिदा तथा आफुखुसी लाईन ब्यारेक छाडी भागि गैह्र हाजिर रहि कुनै किसिमको सम्पर्कमा समेत नरहेकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र गैह्र हाजिर रहनुको मनासिव कारण सहित सम्बन्धित कार्यालयमा सम्पर्क राख्न आउनु होला । अन्यथा तपाई उपर सशस्त्र प्रहरी नियमावली २०७२ (संशोधन सहित) बमोजिम कारबाही भई जाने हुँदा सशस्त्र प्रहरी नियमावली २०७२ को नियम ११८ को उपनियम (१) को प्रयोजनार्थ यसै सूचनाद्वारा तपाईलाई जानकारी गराईएको छ ।

देहायः-

| सि.नं. | आई.डि.नं. | दर्जा | नामथर | बाजेको नाम | बाबुको नाम | दरबन्दी | कार्यरत स्थान | स्थायी वतन | गैह्र हाजिर रहेको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३०१३२ | सप्रप | मन्जली कुमारी योन्जन | कान्छामान योन्जन | टेक बहादुर योन्जन | स.प्र.बल, नेपाल नं. ६ गण हे.क्वा. सप्तरी | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरीक सुगठन शिक्षालय | जिल्ला रौतहट चन्द्रपुर न.पा. ६ | २०८२/०७/२० |
| २ | २९६७२ | सप्रप | प्रदिप ऐरी | राज बहादुर ऐरी | केशव सिंह ऐरी | स.प्र.बल, नेपाल नं. ३४ गण हे.क्वा. कैलाली | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरीक सुगठन शिक्षालय | जिल्ला कञ्चनपुर भि.न.पा. ११ | २०८२/०९/०१ |
| ३ | ६५९९२ | सप्रज | विशाल स्याङतान | हरि कृष्ण स्याङतान | विरलाल स्याङतान | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरीक सुगठन शिक्षालय | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरीक सुगठन शिक्षालय | जिल्ला मकवानपुर थाहा न.पा. १२ | २०८२/०८/२४ |
| ४ | ३०२६४ | सप्रप | सागर खाईतु | नारायण खाईतु | चन्द्र गोपाल खाईतु | स.प्र.बल, नेपाल नं. २३ गण हे.क्वा. मनकामना तनहुँ | स.प्र.बल, नेपाल नं. २३ गण हे.क्वा. मनकामना तनहुँ | जिल्ला भक्तपुर चाँगुनारायण न.पा. ३ | २०८२/०९/१३ |
| ५ | ३०२३५ | सप्रप | बिष्णु बुढाथोकी | चन्द्र बहादुर बुढाथोकी | राम बहादुर बुढाथोकी | स.प्र.बल, नेपाल नं. ३९ रिजर्भ गण हे.क्वा. महोत्तरी | स.प्र.बल, नेपाल नं. ३९ रिजर्भ गण हे.क्वा. महोत्तरी | जिल्ला रामेछाप तत्कालिन कठजोर गा.वि.स. ०५ हाल मन्थली न.पा. वडा नं. ३ | २०८२/०९/०९ |
| ६ | ५६६७५ | सप्रसह | सबिना मल्ल | खड्क बहादुर मल्ल ठकुरी | राम बहादुर मल्ल ठकुरी | स.प्र.बल, नेपाल नं. १८ गण हे.क्वा. (विशिष्ट व्यक्ति तथा महत्वपूर्ण प्रतिष्ठान सुरक्षा) बाघभैरव काठमाण्डौ | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरीक सुगठन शिक्षालय | बागमति प्रदेश जिल्ला धादिङ्ग निलकण्ठ नगरपालिका ०४ (साविक बागमती अञ्चल धादिङ्ग जिल्ला निलकण्ठ गा.वि.स. १) | २०८२/०९/१४ |
| ७ | ६६७६१ | सप्रज | वसन्त श्रेष्ठ | कृष्ण बहादुर श्रेष्ठ | रमेश कुमार श्रेष्ठ | स.प्र.बल, नेपाल नं. ४० रिजर्भ गण हे.क्वा. पिलुवा वारा | स.प्र.बल, नेपाल नं. १९ गण हे.क्वा. (विशेष कार्यदल वंगलामुखी) काठमाण्डौ | जिल्ला प्युठान मल्लरानी गाउँपालिका वडा नं. ३ | २०८२/०९/२० |
| ८ | ६६१४० | सप्रज | रोशन आले मगर | शंकर बहादुर आले मगर | कुमार आले मगर | स.प्र.बल, नेपाल नं. १४ गण हे.क्वा. मकवानपुर | स.प्र.बल, नेपाल अस्थायी मनसुनजन्य विपद् प्रतिकार्य वेश पनौती | जिल्ला मकवानपुर भिमफेदी गाँउपालिका वडा नं. ६ | २०८२/०९/२४ |
| ८ | ६६१४० | सप्रज | रोशन आले मगर | शंकर बहादुर आले मगर | कुमार आले मगर | स.प्र.बल, नेपाल नं. १४ गण हे.क्वा. मकवानपुर | स.प्र.बल, नेपाल अस्थायी मनसुनजन्य विपद् प्रतिकार्य वेश पनौती | जिल्ला मकवानपुर भिमफेदी गाँउपालिका वडा नं. ६ | २०८२/०९/२४ |
| ९ | ५४६१६ | सप्रसह | नरेन्द्र भण्डारी | हरि सिंह भण्डारी | रनध्वोज सिंह भण्डारी | स.प्र.बल, नेपाल नं. ३५ गण हे. क्वा. शैलेश्वरी कञ्चनपुर | स.प्र.बल, नेपाल नं. ३४ गण हे. क्वा. कैलाली | जिल्ला कन्चनपुर कृष्णपुर न.पा. वडा नं. २ | २०८२/०९/२४ |



बंगलादेशको ढाकामा अन्तर्राष्ट्रिय मातृभाषा दिवसको अवसरमा १९५२ को बंगाली भाषा आन्दोलनका सहिदहरूलाई श्रद्धाञ्जली अर्पण गर्न स्मारकअघि फूल सजाउँदै बंगलादेश राष्ट्रिय क्याडेट कोर्प्स (बिएनसिसी) का कर्मचारी। *तस्बिरः एएफपी*

# युक्रेनी सीपमा युरोपको लगानी

**वार्सा–** रुस-युक्रेन युद्धले बदलिएको आधुनिक युद्ध प्रविधिबाट सिक्दै पाँच युरोपेली राष्ट्रले सस्तो र प्रभावकारी ड्रोन रक्षा प्रणाली विकास गर्न संयुक्त पहल अघि सारेका छन्। फ्रान्स, पोल्याण्ड, जर्मनी, बेलायत र इटाली सम्मिलित 'इ५' समूहले युक्रेनको युद्धमैदानमा विकसित अनुभव र प्रविधि उपयोग गर्दै कम लागतका हवाई प्रतिरक्षा प्रणाली र स्वायत्त ड्रोन उत्पादनमा लगानी गर्ने घोषणा गरेका छन्।

यस पहलको लक्ष्य युरोपेली हवाई क्षेत्र उल्लंघन गर्ने ड्रोनहरूलाई छिटो पत्ता लगाउने, ट्र्याक गर्ने र निष्क्रिय पार्ने क्षमता विकास गर्नु हो। युरोपेली देशहरूले पछिल्ला वर्षहरूमा सीमाक्षेत्र र विमानस्थल वरिपरि शंकास्पद ड्रोन गतिविधि देखेपछि सुरक्षा संरचना बलियो बनाउने प्रयास तीव्र पारेका छन्। केही घटनाका लागि रुसलाई दोष लगाइएको भए पनि मस्कोले संलग्नता अस्वीकार गर्दै आएको छ।

युद्धलाई 'प्रयोगशाला'का रूपमा प्रयोग गर्दै रुस र युक्रेन दुवैले अत्याधुनिक ड्रोन युद्ध क्षमता विकास गरेका छन्। पोल्याण्डले यसअघि नै युक्रेनसँग संयुक्त तालिम र उत्पादन परियोजनामा सहकार्य गरिरहेको छ। अब 'लो-कोस्ट इफेक्टर्स एण्ड



अटोनोमस प्लेटफर्म' (एलइएपी) नाम दिइएको कार्यक्रममा ड्रोन-आधारित आक्रमण क्षमता विकास, कम लागतमा उत्पादन तथा संयुक्त खरिदमा सहमति गरिएको पोल्याण्डका रक्षामन्त्री भ्लाडिस्लाभ कोसिनियाक-कामिजले बताए। उनका अनुसार कृत्रिम बौद्धिकता (एआई) सहितका लडाकु पेलोड विकासमासमेत साझेदारी हुने छ।

बेलायतका रक्षा तयारी तथा उद्योगमन्त्री ल्युक पोलार्डले नाटोको सुरक्षा कवच सुदृढ बनाउन नयाँ पुस्ताका हवाई प्रतिरक्षा र स्वायत्त प्रणालीमा लगानी आवश्यक रहेको बताए। उनले कम लागतका ड्रोन र मिसाइलविरुद्ध महँगा लडाकु जेट प्रयोग गर्नु दिगो समाधान नभएको उल्लेख गर्दै 'खतराको लागत र प्रतिरक्षाको लागतबीच सन्तुलन मिलाउनुपर्ने' धारणा राखे।

सेप्टेम्बर २०२५ मा रूसी ड्रोनहरू पोल्याण्डको हवाई क्षेत्रमा प्रवेश गर्दा तिनलाई रोक्न करोडौं डलर मूल्यका जेट प्रयोग गरिएको थियो भने ती ड्रोनको लागत तुलनात्मकरूपमा निकै कम थियो। त्यस्ता अवस्थालाई ध्यानमा राख्दै सस्तो काइनेटिक वा इलेक्ट्रोनिक प्रतिरोध प्रणाली विकासमा जोड दिइएको हो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नाटो र युरोपेली रक्षा खर्चबारे गरेको आलोचनापछि युरोपेली मुलुकहरू आफ्नै सुरक्षा संरचना मजबुत बनाउन थप सक्रिय भएका छन्। युरोपेली संघ (इयू) ले रक्षा क्षेत्रमा लगानी बढाएको छ र गहिरा सैन्य सहकार्यबारे खुला छलफल सुरु गरेको छ।

इयुकी विदेश नीति प्रमुख काजा कल्लासले रुसको आक्रामकता, मध्यपूर्वको अस्थिरता, चीनसँगको प्रतिस्पर्धा र अमेरिकासँग पुनर्परिभाषित सम्बन्धलाई उद्धृत गर्दै 'युरोपको सुरक्षा दशकौंयताकै सबैभन्दा अनिश्चित अवस्थामा' रहेको बताइन्। उनले कम लागतको इन्टरसेप्टर कार्यक्रमलाई युरोपेली प्रतिबद्धताको उदाहरणका रूपमा प्रस्तुत गरे र बलियो युरोपले नाटोलाई समेत सुदृढ बनाउने धारणा राखिन्।

यद्यपि, ३२ सदस्यीय नाटो गठबन्धन ट्रम्प प्रशासनसँगका तनावका कारण दबाबमा छ। डेनमार्कको अर्धस्वायत्त क्षेत्र ग्रिनल्याण्ड कब्जा गर्ने अमेरिकी अभिव्यक्ति र अफगानिस्तानमा नाटो सहयोगी सेनाबारे टिप्पणीले सम्बन्धमा चिसोपना ल्याएको थियो। हाल तनाव केही कम भए पनि आन्तरिक मतभेदले विश्वकै सबैभन्दा ठूलो सुरक्षा गठबन्धनको एकीकृत क्षमतामाथि प्रश्न उठाइरहेको छ। यस्तो परिवेशमा युरोपेली राष्ट्रहरू युद्धबाट प्राप्त युक्रेनी अनुभवलाई आत्मसात् गर्दै सस्तो तर प्रभावकारी सुरक्षा संरचना निर्माणतर्फ अघि बढेका छन्। *रासस/एपी*

# श्रीलंकाः राज्य भूमिकामा दबाब

**कोलम्बो–** श्रीलंकामा बौद्ध धर्मको संवैधानिक हैसियत र भिक्षुहरूको परामर्श भूमिकालाई सम्मान गर्न माग गर्दै सयौं बौद्ध भिक्षुहरूले शुक्रबार राजधानी कोलम्बोमा शान्तिपूर्ण र्‍याली निकालेका छन्। भिक्षुहरूले सरकारले आफ्नो धर्मको सम्मान नगरेको र राज्य सञ्चालनमा लामो समयदेखि चल्दै आएको परामर्श परम्परालाई बेवास्ता गरेको आरोप लगाएका छन्।

र्‍याली कुनै हिंसात्मक घटनाविना सम्पन्न भएको छ। प्रदर्शनका क्रममा भिक्षुहरूले राष्ट्रपति अनुरा कुमारा दिसानायकेलाई पठाउने अपिलपत्र सार्वजनिकरूपमा पढेर सुनाएका थिए। उक्त पत्रमा राज्य सञ्चालन बौद्ध धर्मको सिद्धान्तअनुसार हुनुपर्ने र भिक्षुहरूलाई राष्ट्रिय मामिलामा सल्लाह दिने अधिकार औपचारिकरूपमा मान्यता दिनुपर्ने उल्लेख गरिएको छ।

करिब दुई करोड २० लाख जनसंख्या भएको यस टापु राष्ट्रको संविधानले बौद्ध धर्मलाई विशेष स्थान दिएको छ। संविधानले बौद्ध धर्मको संरक्षण र प्रवर्द्धन गर्नु सरकारको कर्तव्य भएको उल्लेख गरे पनि अन्य धर्मावलम्बीहरूको धार्मिक स्वतन्त्रता कानुनद्वारा सुरक्षित छ। देशको ७० प्रतिशतभन्दा बढी जनसंख्या बौद्ध छन्, र भिक्षु वर्ग सामाजिक, सांस्कृतिक तथा राजनीतिक जीवनमा प्रभावशाली मानिन्छन्।



श्रीलंकामा हिन्दू, मुस्लिम र इसाई समुदाय पनि उल्लेखनीयरूपमा बसोबास गर्छन्।

अपिलपत्रमा बौद्ध धर्मको उद्गम प्राचीन भारतमा पाँचौं शताब्दी ईसा पूर्वमा भएको उल्लेख गर्दै राज्यका नीतिहरू त्यसका नैतिक आधारमा निर्देशित हुनुपर्ने धारणा राखिएको छ। साथै, श्रीलंकाको उच्च पदहरूमा गैरबौद्धहरूको नियुक्ति रोक्न, विद्यालय तथा शिक्षा प्रणालीमा बौद्ध मूल्यमान्यता समावेश गर्न र धर्मसँग सम्बन्धित पुरातात्त्विक स्थलहरूको संरक्षण सुनिश्चित गर्न माग गरिएको छ। विश्लेषकहरूका अनुसार यो कदमलाई भिक्षु समुदायले सरकारमाथि वैचारिक र नीतिगत दबाब सिर्जना गर्ने प्रयासका रूपमा हेरिएको छ। हालको प्रदर्शनले धर्म र राज्यबीचको सम्बन्धबारे श्रीलंकामा जारी बहसलाई पुनः तीव्र बनाएको छ। *रासस/एपी*

# सम्बोधनअघिको दबाबमा ट्रम्प

**वासिंटन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफ्नो कार्यकालको एक वर्ष पूरा गर्दै स्टेट अफ द युनियन सम्बोधनको तयारीमा जुटिरहेका बेला घरेलु र अन्तर ाष्ट्रिय दुवै मोर्चामा दबाबमा परेका छन्। सर्वोच्च अदालतले उनको कर नीतिमाथि रोक लगाएपछि अर्थतन्त्रको सुस्त वृद्धि र आप्रवासन दमनप्रति बढ्दो जनअसन्तुष्टिले उनको राजनीतिक धारलाई चुनौती दिएको छ।

शुक्रबार सर्वोच्च अदालतले कूटनीतिक लाभका लागि सामाजिक सञ्जालमार्फत घोषणा गरिएका केही करका कदमहरू अस्वीकार गरेको थियो। सोही दिन सार्वजनिक सरकारी तथ्यांकअनुसार अक्टोबरदेखि डिसेम्बरसम्म अमेरिकी अर्थतन्त्र १.४ प्रतिशत वार्षिक दरमामात्र विस्तार भएको देखिएको छ। यो विश्लेषकहरूको २.५ प्रतिशतको अपेक्षाभन्दा कम हो। बढ्दो जीवनयापन लागतका कारण मतदाताहरूमा असन्तुष्टि चुलिँदै गएको सर्वेक्षणहरूले देखाएका छन्।

मुद्रास्फीतिको प्रश्नमा राष्ट्रपति ट्रम्पले आफूले आर्थिक सामर्थ्य पुनःस्थापित गरेको दाबी गर्दै आएका छन्। तर विश्लेषकहरूले जनतालाई वास्तविक खर्चको अनुभवले नै प्रभाव पार्ने बताएका छन्। जीवनयापन महँगो भएको र आप्रवासन दमन अपेक्षितरूपमा लक्षित नभएको धारणा आममतदातामा बलियो बन्दै गएको छ।

नोभेम्बरमा हुने मध्यावधि निर्वाचन नजिकिँदै जाँदा प्रतिनिधिसभा र सिनेटको एकतिहाइ सिट दाउमा छन्। राष्ट्रपति ट्रम्पले डेमोक्रेटहरूले नियन्त्रण लिए महाभियोगको प्रयास हुन सक्ने चेतावनी दिँदै आएका छन्। यद्यपि, हालसम्म दुवै सदन रिपब्लिकन नियन्त्रणमै छन्।

हालका दिनमा प्रशासन केही कदममा पछि हट्न बाध्य भएको देखिएको छ। पूर्वराष्ट्रपति बाराक ओबामासम्बन्धी विवादास्पद भिडियो राष्ट्रपतिको सामाजिक सञ्जाल खातामा पोस्ट भएपछि आलोचना बढेको थियो। त्यसलाई हटाउँदै ह्वाइट हाउसले एक सहयोगीको त्रुटि भएको जनाएको थियो। मिनियापोलिसमा आप्रवासन कारबाहीका क्रममा दुई अमेरिकी नागरिक मारिएपछि प्रशासनले त्यहाँको तैनाथी घटाउने घोषणा गरेको थियो। अन्तर्राष्ट्रियरूपमा पनि आर्कटिक सुरक्षासम्बन्धी विषयमा अमेरिका-डेनमार्क-ग्रिनल्याण्ड कार्यसमूह गठन गरिएको छ। *रासस/एएफपी*


## एनएमबि बैंक लिमिटेड बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८२।११।१० को प्रभाव राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८२।११।१७ मा (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं। प्रचलित कानूनको अधिनमा रही बैकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण :**

**१. ऋणीको नामः लेलिन कार्की** — **कर्जा शिर्षकः** आवास निर्माण कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ८५२७७(२०५७/१२/१३/पाल्पा), बाजेको नामः तेज बहादुर कार्की, बाबुको नामः कर्ण बहादुर कार्की, ठेगानाः पाल्पा जिल्ला, मस्याम गा.वि.स., वडा नं. १ परिवर्तित ठेगाना हाल पाल्पा जिल्ला, तिनाउ गा.पा., वडा नं. ६।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. कर्ण बहादुर कार्कीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३९-०१-७१-०३०९४(२०७१/०४/१४/पाल्पा), बाजेको नामः तारा बहादुर कार्की, बाबुको नामः तेज बहादुर कार्की, ठेगानाः पाल्पा जिल्ला, मस्याम गा.वि.स., वडा नं. १ परिवर्तित ठेगाना हाल पाल्पा जिल्ला, तिनाउ गा.पा., वडा नं. ६।

**ख. नन्द कुमारी कार्कीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ९६ (२०४५/०२/०५/पाल्पा), बाबुको नामः हुम बहादुर खड्का, ससुराको नामः तेज बहादुर कार्की, पतिको नामः कर्ण बहादुर कार्की, ठेगानाः पाल्पा जिल्ला, मस्याम गा.वि.स., वडा नं. १ परिवर्तित ठेगाना हाल पाल्पा जिल्ला, तिनाउ गा.पा., वडा नं. ६।

**लिलाम हुने धितोको विवरणः**

हुम बहादुर खड्काको छोरी, तेज बहादुर कार्कीको बुहारी, कर्ण बहादुर कार्कीको पत्नी, पाल्पा जिल्ला, मस्याम गा.वि.स., वडा नं. १ परिवर्तित ठेगाना हाल पाल्पा जिल्ला, तिनाउ गा.पा., वडा नं. ६ बस्ने **नन्द कुमारी कार्की**को नाममा मालपोत कार्यालय पाल्पाको लगतमा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला, मस्याम गा.वि.स./न.पा., वडा नं./नक्सा सिट नं. २ स्थित कि.न. ५६४ को क्षेत्रफल ०-५-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**२. ऋणीको नामः कमला खड्का** — **कर्जा शिर्षकः** महिला उद्यमी कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ४११००८/७४९२०(२०६५/०८/०५/गुल्मी), बाबुको नामः कृष्ण बहादुर पोखरेल क्षेत्री, ससुराको नामः मानसिंह खड्का, पतिको नामः तिलक बहादुर खड्का, ठेगानाः गुल्मी जिल्ला, जुभुङ्ग गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, रिब्दीकोट गा.पा., वडा नं. २, कान्तिपोखरा।

**व्यक्तिगत जमानतकर्ताः**

**तिलक बहादुर खड्काः** ना.प्र.प.नं (जारी मिति/स्थान): २६१५७(२०५९/०२/०६/गुल्मी), बाजेको नामः थमन बहादुर खड्का, बाबुको नामः मानसिंह खड्का, ठेगानाः गुल्मी जिल्ला, जुभुङ्ग गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, रिब्दीकोट गा.पा., वडा नं. २, कान्तिपोखरा।

**लिलाम हुने धितोको विवरणः**

कृष्ण बहादुर पोखरेल क्षेत्रीको छोरी, मानसिंह खड्काको बुहारी, तिलक बहादुर खड्काको पत्नी, गुल्मी जिल्ला, जुभुङ्ग गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, रिब्दीकोट गा.पा., वडा नं. २, कान्तिपोखरा बस्ने **कमला खड्का**को नाममा मालपोत कार्यालय पाल्पाको लगतमा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला, देउराली गा.वि.स./न.पा., वडा नं./नक्सा सिट नं. ७ स्थित कि.न. ४११ र ४१३ को क्षेत्रफल क्रमशः ६-०-०-० र १-८-०-० रोपनीको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**३. ऋणीको नामः सरोज बाडे** — **कर्जा शिर्षकः** सवारी साधन कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): १-४८३७ (२०५१/११/२८/भक्तपुर), बाजेको नामः बेख मान सिंह बाडे, बाबुको नामः विकु बहादुर बाडे, ठेगानाः भक्तपुर जिल्ला, नगदेश गा.वि.स. वडा नं. २।

**व्यक्तिगत जमानतकर्ताः**

**अमला श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): २२४९ (२०५४/०५/०८/काठमाडौं), बाबुको नामः अमृत मान श्रेष्ठ, ससुराको नामः विकु बहादुर बाडे, पतिको नामः सरोज बाडे, ठेगानाः काठमाडौं जिल्ला, कीर्तिपुर न.पा. वडा नं. १।

**लिलाम हुने धितोको विवरणः**

धनी एनएमबि बैंक लि./ऋणी **सरोज बाडे**को नाममा वागमती प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

**सवारीसाधनको विवरण**

कम्पनी - हुण्डाई, किसिम - प्रा SUV इलेक्ट्रीक, मोडल - KONA EV GLS, सवारी दर्ता नं.- वागमती प्रदेश-०१ ०२८ च २९२७, बनेको साल - २०२२, च्यासिस नं.- KMHK281HUNU169521, इन्जिन नं.- EM16NAT016CS

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९



## अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस ओराकल इलेक्ट्रोनिक्स प्रा.लि.ले China बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्राबिक्री मूल्य (MRP) निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| S. No. | Description of Goods | Type | Size | Brand | Country of origin | Unit | Per Unit (Price) | MRP (Rs) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | OL8WMS | Washing Machine | 8 KG | OLIVE | China | PCS | 40900 | 40900 | |
| 2 | OL9WMS | Washing Machine | 9 KG | OLIVE | China | PCS | 48400 | 48400 | |
| 3 | OL10WMS | Washing Machine | 10 KG | OLIVE | China | PCS | 48700 | 48700 | |

**ओराकल इलेक्ट्रोनिक्स प्रा.लि.**
चाबहिल-७, काठमाडौं, नेपाल
एक्जीम कोड नं. : ६०२४२६२६४०१४०NP, फोन नं. : ०१-४३७८५१७



## टीकापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकशित मिति २०८२/११/१०)**

यस कार्यालयको मिति २०८२/०९/२२ गतेको सौर्य राष्ट्रिय दैनिकमा (प्रथम पटक प्रकाशित) बिधुतिय बोलपत्र आव्हानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र मूल्याकंन समितिको मिति २०८२/११/०५ को निर्णय तथा सिफारिस अनुसार न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही भै स्वीकृतीको लागी पेश भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.न | ठेक्का नं. | आयोजनाको नाम/ कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क) र पी.एस सहित रु. |
|---|---|---|---|---|
| १. | TMO/NCB/44/ROAD/2082/083 | श्री जनप्रकाश आधारभूत बिधालय देखि मोहन शाहको घर हुँदै अम्बासा जोड्ने बाटो कालोपत्रे आयोजना टिकापुर नगरपालिका वडा नं ४, कैलाली | श्री सबिज्ञा निर्माण सेवा, धनगढी, कैलाली | १९,९९,२५०.६१ |

**प्रमुख प्रशासकिय अधिकृत**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०४७०० | प्रति तोला – ० | प्रति तोला – ५०५० |



कृषि गाउँ जुम्लाबाङ | रुकुम पश्चिमको मुसिकोट नगरपालिका १२ स्थित जुम्लाबाङ गाउँ। यो गाउँमा कृषिजन्य वस्तु राम्रो उत्पादन हुने गर्दछ। *तस्बिर : बलबहादुर ओली (बलेन्द्र)/रासस*

## वैदेशिक व्यापारका सात महिनामा नौ खर्ब ५० अर्ब घाटा

■ प्रभाव संवाददाता

**काठमाडौं –** चालु आर्थिक वर्षको प्रथम सात महिनामा रु १२ खर्ब ९१ अर्ब ६३ करोड २० लाख बराबरको वैदेशिक व्यापार भएको छ।

भन्सार विभागका अनुसार समीक्षा अवधिमा रु ११ खर्ब २३ अर्ब ४८ करोड ६२ लाखको आयात र रु एक खर्ब ६८ अर्ब १४ करोड ५८ लाख बराबरको निर्यात भएको छ। यो अवधिमा मुलुकले रु नौ खर्ब ५५ अर्ब ३४ करोड तीन लाख घाटा बेहोरेको छ। भारतसँग बितेका सात महिनामा रु छ खर्ब २९ अर्ब २९ करोड ५९ लाखको आयात र रु एक खर्ब ३७ अर्ब ५१ करोड ७४ लाखको निर्यात हुँदा मुलुकले रु चार खर्ब ९१ अर्ब ७७ करोड ५१ लाख बराबरको व्यापार घाटा बेहोरेको छ। चीनसँग रु दुई खर्ब ३५ अर्ब ३८ करोड २३ लाखको आयात र रु ९० करोड एक लाख बराबरको निर्यात हुँदा रु दुई खर्ब ३४ अर्ब ४८ करोड २२ लाख बराबरको घाटा भएको छ।

विभागले सार्वजनिक गरेको विवरणअनुसार अर्जेन्टिनासँग रु ६६ अर्ब ११ करोड ६६ लाख, संयुक्त अरब इमिरेट्ससँग रु ३९ अर्ब ७७ करोड ९८ लाख, इन्डोनेसियासँग रु १२ अर्ब ६४ करोड ४५ लाख बराबरको व्यापार घाटा देखिन्छ।

व्यापार नाफा बढी रहेका मुलुकमा भने रोमानियासँग यो अवधिमा रु पाँच करोड ५२ लाख, नर्वेसँग रु तीन करोड ३३ लाख र आइसल्याण्डसँग रु दुई करोड ५७ लाख बराबरको व्यापार नाफा देखिन्छ।

पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ। यो अवधिमा रु ६९ अर्ब ९१ करोड २२ लाखको डिजेल, रु ३८ अर्ब १३ करोड ८६ लाखको पेट्रोल र रु ३१ अर्ब ८५ करोड नौ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ।

यसैगरी, रु ३१ अर्ब नौ करोड १२ लाख बराबरको फलाम तथा फलामजन्य वस्तु, रु २१ अर्ब ३२ करोड ६१ लाख बराबरको स्मार्टफोन, रु ५९ अर्ब १३ करोड ८२ लाख बराबरको कच्चा सोयाबिन तेल, रु २१ अर्ब २० करोड बराबरको सुन आयात भएको छ। बढी निर्यात भएका वस्तुमा सोयाबिन तेल रु ६६ अर्ब ७८ करोड ८७ लाख बराबरको निर्यात भएको छ।

### दोस्रो इन्डो-नेपाल व्यापार महोत्सव

## ‘नेपाल–भारत आर्थिक सहकार्य थप सहज बनाउनुपर्छ’

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल-भारत आर्थिक सहकार्यलाई थप सहज एवं परिणाममुखी बनाउनुपर्नेमा जोड दिएका छन्।

भारतको राजधानी नयाँ दिल्लीमा सुरु भएको ‘दोस्रो इन्डो-नेपाल व्यापार महोत्सव २०२६’ लाई शुक्रबार सम्बोधन गर्दै उनले नेपाल-भारतबीच सहज भन्सार प्रक्रिया, मापदण्ड समन्वय, डिजिटल व्यापार प्रणाली सुदृढीकरण तथा साना-मझौला उद्योगलाई वित्तीय पहुँच र प्रविधि हस्तान्तरणमा सहजीकरण गर्नुपर्नेमा जोड दिए।




अध्यक्ष ढकालले भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार र प्रमुख लगानीस्रोत रहेको उल्लेख गर्दै खुला सीमा, सांस्कृतिक निकटता र जनस्तरको सम्बन्धले दुई देशबीचको साझेदारीलाई विशिष्ट बनाएको धारणा राख्नुभएको महासङ्घद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

उनले विश्व अर्थतन्त्रमा अनिश्चितता र आपूर्ति शृङ्खलामा अवरोध उत्पन्न भइरहेको उल्लेख गर्दै यस्तो अवस्थामा छिमेकी राष्ट्रबीचको सुदृढ सहकार्य महत्वपूर्ण हुनेमा जोड दिए। भारतले हालै प्रस्तुत गरेको केन्द्रीय बजेटले पूर्वाधार, ‘डिजिटल कनेक्टिभिटी’, हरित ऊर्जा तथा साना-मझौला उद्योग प्रवर्द्धनमा दिएको प्राथमिकताले नेपालका लागिसमेत नयाँ अवसर सिर्जना गर्ने उनको धारणा थियो।

अध्यक्ष ढकालले नेपाल जलविद्युत्मा समृद्ध रहेको र भारततर्फ विद्युत् निर्यात सुरु भइसकेको जानकारी दिँदै उपयुक्त प्रसारण लाइन र नीतिगत स्थायित्व भएमा नेपाल भारतको विश्वासिलो हरित ऊर्जा साझेदार बन्न सक्ने बताए।

यस्तै, उनले पर्यटन क्षेत्रमा नेपालले प्राकृतिक सौन्दर्य, साहसिक तथा आध्यात्मिक गन्तव्यहरू प्रस्तुत गरेको उल्लेख गर्दै होटल, रिसोर्ट तथा केबलकार परियोजनाहरूमा लगानीको अवसर विस्तार भइरहेको जानकारी पनि गराए।

अध्यक्ष ढकालले भने, ‘नेपालमा ऊर्जा, पर्यटन औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, सीमापार लजिस्टिक्स, कृषि प्रशोधन, औषधि उद्योग, शिक्षा र स्वास्थ्य सेवामा प्रशस्त सम्भावना रहेको छ। यस्ता क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्ताहरूलाई आग्रह गर्दछु।’

नेपालको निजी क्षेत्रले सधैं राजनीतिक स्थायित्व र आर्थिक अनुशासनको पक्षमा आवाज उठाउँदै आएको उल्लेख गर्दै उनले दीर्घकालीन रूपमा लगानीकर्ताको विश्वास कायम गर्ने पक्षमा नेपालमा नीतिगत सुधारहरू भइरहेको पनि उल्लेख गरे।

उनले इन्डो-नेपाल व्यापार महोत्सव केवल औपचारिक कार्यक्रम नभई सद्भावनालाई व्यावसायिक साझेदारीमा रूपान्तरण गर्ने मञ्च भएको उल्लेख गर्दै अध्यक्ष ढकालले हरित ऊर्जा, डिजिटल सेवा, पर्यटन र उत्पादन क्षेत्रमा ठोस सहकार्य अघि बढाउन भारतीय उद्योगी व्यवसायी एवं लगानीकर्ताहरूलाई आह्वान पनि गरे।

## नापतौलमा अनियमितता गर्ने ११ सय व्यवसायीलाई कारबाही

**जनकपुरधाम–** गुणस्तर तथा नापतौल कार्यालय जनकपुरधामले चालु आर्थिक वर्ष २०८२/८३ को सात महिनामा एक हजार १५३ व्यवसायी तथा उद्योगीलाई कारबाही गरेको छ। नापतौल इजाजतपत्र नलिई आफूखुशी नापतौल यन्त्रको प्रयोग गर्ने, उपभोक्तालाई ठग्गी गर्ने, तथा तोकिएको समयमा नवीकरण नगराउनेलाई कारबाही गरिएको कार्यालय प्रमुख सुनिलकुमार यादवले जानकारी दिए।

सोही अवधिमा कार्यालयले ६२६ व्यवसायीलाई नयाँ नापतौल इजाजतपत्र तथा एक हजार ३९७ व्यवसायीको नापतौल यन्त्रको नवीकरण गरेको छ। सो अवधिमा अनुगमन, नवीकरण, कारबाही तथा इजाजतपत्र प्रदान गरेबापत रु २५ लाख ४६ हजार ६०४ राजस्व सङ्कलन भएको कार्यालय प्रमुख यादवले जानकारी दिए।

गत आर्थिक वर्षमा ९१७ वटा नयाँ व्यवसायी तथा औद्योगिक प्रतिष्ठानलाई व्यवसायिक कारोबारका लागि नापतौल यन्त्र सञ्चालन गर्न कार्यालयले इजाजतपत्र प्रदान गरेको थियो। धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र रामेछाप गरी पाँच जिल्ला कार्यक्षेत्र रहेको सो कार्यालयले ती जिल्लाका व्यवसायीलाई नयाँ नापतौल इजाजतपत्र प्रदान गर्दै आएको छ। साथै कार्यालयले पाँचै जिल्लामा नापतौलसम्बन्धी अनियमितता गर्नेलाई कारबाही गर्नुका साथै अनुगमन तथा निरीक्षण र नापतौल यन्त्रको इजाजतपत्र दिँदै आएको जनाएको छ।

**▸▸ कार्यालयले ६२६ व्यवसायीलाई नयाँ नापतौल इजाजतपत्र तथा एक हजार ३९७ व्यवसायीको नापतौल यन्त्रको नवीकरण गरेको छ । सो अवधिमा अनुगमन, नवीकरण, कारबाही तथा इजाजतपत्र प्रदान गरेबापत रु २५ लाख ४६ हजार ६०४ राजस्व संकलन भएको कार्यालय प्रमुख यादवले जानकारी दिए ।**

उक्त अवधिमा नापतौलमा ठगी गर्ने तथा लामो समयदेखि नापतौल यन्त्रको नविकरण नगराउने दुई हजार ४३ उद्योगी तथा व्यवसायिक फार्मलाई कारबाहीका साथै जरिवाना गरिएको कार्यालय प्रमुख यादवले बताए। कारबाहीमा परेका व्यवसायी तथा उद्योगीले आफूखुशी जथाभाबी ढक तथा तराजु (डिजिटलसमेत) नापतौल यन्त्रको प्रयोग गरेको पाइएपछि जरिवाना गरी कानुनी दायरामा ल्याइएको उनको भनाइ छ।

कार्यालयबाट प्राप्त विवरणअनुसार आव २०८१/८२ को साउनदेखि असारसम्म गरिएको डोर खटनपटन, अनुगमन तथा नापतौल यन्त्रको प्रयोगमा पाइएको कैफियतको आधारमा कारबाही तथा जरिवाना गरिएको यादवले उल्लेख गरे। प्राप्त विवरणअनुसार सो अवधिमा दुई हजार ६३० जना व्यवसायीको नापतौल यन्त्रको जाँच गरिएको थियो।

सर्लाहीको लालबन्दी तथा हरिवन नगरपालिका, महोत्तरीको गौशाला, रामेछापको मन्थली नगरपालिका, सिन्धुलीको कमलामाई नगरपालिकामा नापतौल यन्त्रको प्रयोग, नापतौल जरिवाना तथा कानुनी कारबाहीसम्बन्धी चेतनामूलक जानकारी गराइएको प्रमुख यादवले जानकारी दिए।

उक्त अवधिमा कार्यालयले एकल अनुगमन २९ पटक, व्यवसायिक फार्मको अनुगमन २७२ पटक, संयुक्त अनुगमन १८ पटक तथा व्यवसायिक फार्मको अनुगमन ४९९ पटक गरी विभिन्न शिर्षकबाट रु ५१ लाख एक हजार ९६० राजस्व सङ्कलन गरेको प्रमुख यादवले जानकारी दिए। आव २०८०/८१ मा कार्यालयले रु ४० लाख ६७ हजार २४२ राजस्व सङ्कलन गरेको थियो।

त्यस्तै पाँच जिल्ला कारोबार रहेको कार्यालयसँग आफ्नो भवन नभएकाले साँघुरो भाडाको भवनबाट सेवा प्रवाह गरिरहेको छ। डोरको खटनपटन र अनुगमनका लागि सवारी सुविधा नभएको तथा कार्यालय सञ्चालनका लागि बजेटको अभाव हुँदा प्रभावकारी कार्यसम्पादनमा समस्या हुँदै आएको यादवले गुनासो गरे। *रासस*

शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत शिक्षामा पहुँच हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
- अपांगता भएका र आर्थिक रूपले विपन्नि नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

शिक्षासम्बन्धी हकको उपयोग गरौं।
निःशुल्क, अनिवार्य, समान पहुाचयुक्त र समावेशी शिक्षा सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ